महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

हरिपुर नगरपालिका, सर्लाही

८०२१९४०९३००

हरिपुर नगरपालिका , सर्लाही

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-१५

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,

हरिपुर नगरपालिका, सर्लाही ,

हरिपुर नगरपालिका , सर्लाही

लेखापरीक्षण ऐन , २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन । राजस्व । धरौटी । अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्वन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।१९ मा छलफल पश्चात तयार गरिएको पाना ८० को प्रारम्भिक प्रतिवेदन यस साथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरण प्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्वन्धमा(प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा नं ३७(१)) ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध छ ।

बद्रीप्रसाद नेपाल
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार, प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सर्लाही, info@fcgo.gov.np

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सर्लाही, stco2@fcgo.gov.np

परिचय

१ **परिचय**

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, सभा सदस्य ५०, वर्ग किलोमिटर क्षेत्रफल ६६.८६ तथा ४३३३३ हजार जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्यः**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **लेखापरीणको क्षेत्र र अवधीः**

यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।१५ देखि २०८०।६।१८ सम्म रहेको छ ।

४ **लेखापरीक्षण विधिः**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा पालिकाले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

५ **लेखापरीक्षणको सीमाः**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **पालिकाको सञ्चित कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		७०६७०१०३१.२८	४६३५२४७६०.९७		४६३५२४७६०.९७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		७०१९३१८३१.२८	४५९३३६२५९.९१	०	४५९३३६२५९.९१
११००० कर	११	११९४४२७००.	९२७४१३८७.०३	०	९२७४१३८७.०३
१३००० अनुदान		३७१६९१२००.	३५८९२१७५०.	०	३५८९२१७५०.
संघीय सरकार	१२	३५७३८३०००.	३४५७०५५००.	०	३४५७०५५००.
प्रदेश सरकार	१२	१४३०८२००.	१३२१६२५०.	०	१३२१६२५०.
१४००० अन्य राजस्व		११९०००००.	७६७३१२२.८८	०	७६७३१२२.८८
१५००० विविध प्राप्ति		५००००००.	०	०	०
३२००० वित्तीय सम्पत्ति		१९४६९७९३१.२८	०	०	०
ख. अन्य प्राप्ति		४७६९२००.	४१८८५०१.०६		४१८८५०१.०६
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		४७६९२००.	१३६७२६०.४८	०	१३६७२६०.४८
धरौटी		०	२८२१२४०.५८	०	२८२१२४०.५८
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
भुक्तानी (ग+घ)		७०४५८९०३१.२८	५००८१२११६.८५		५००८१२११६.८५
ग. भुक्तानी (सञ्चित कोषबाट)		६९९८१९८३१.२८	४९५४७३१२९.३६		४९५४७३१२९.३६
२१००० पारिश्रमिक / सुविधा	१८	१८९१३९०००.	१६६१६३९७३.६२	०	१६६१६३९७३.६२
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१५९०६५२७२.३४	११६३३४७७७.४१	०	११६३३४७७७.४१
२५००० सहायता (Subsidy)	१८	३२०००००.	२०२४७९१.४३	०	२०२४७९१.४३
२७००० सामाजिक सुरक्षा	१८	६११३७००.	३८५२२३८.९५	०	३८५२२३८.९५
२८००० अन्य खर्च	१८	५८४७५९४०.	५७००३५९६.१९	०	५७००३५९६.१९
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२८३८२५९१८.९४	१५००९३७५१.७६	०	१५००९३७५१.७६
घ. अन्य भूक्तानी		४७६९२००.	५३३८९८७.४९		५३३८९८७.४९
कोषहरु		४७६९२००.	३८१७३५२.	०	३८१७३५२.

धरौटी		०	१५८३१८७.७७	०	१५८३१८७.७७
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-६१,५५२.२८		-६१,५५२.२८
ङ. यो वर्षको बचत (न्युन)		२११२०००.	-३७२८७३५५.८८		-३७२८७३५५.८८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			१९८४४००६३.६		१९८४४००६३.६
वर्षान्तको बाकी रकम (ङ + च)		२११२०००.	१६११५२७०७.७२		१६११५२७०७.७२

७ अन्तर सरकारी वित्तीय हस्तान्तरण

पालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन् ।

सि. नं.	खर्च शीर्षक	निकासा रकम	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	१३७०३३०८५	१२४१३६७५७
२	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	५४८८६९७३.१८	४१२२५८९२
	जम्मा	१९१९२००५८.९	१९१९२००५८.९

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

८ अनुदान फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय तथा प्रदेश संचित कोषबाट स्थानीय तहमा सम्वन्धीत आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएको ससर्त अनुदानको रकम सोहि आर्थिक बर्षमा सम्वन्धीत संचित कोषमा फिर्ता पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय ससर्त तथा प्रदेश ससर्त तर्फ खर्च नभई बाँकी रहेको रकम बर्षान्तमा फिर्ता पठाउनुपर्नेमा सो रकम फिर्ता नपठाएकोले सम्वन्धीत प्रदेश तथा संघीय संचित कोषमा रकम फिर्ता पठाउनुपर्ने रु

शिर्षक	रकम प्राप्ती	रकम खर्च	फिर्ता पठाउन बाँकी
प्रदेश ससर्त	५००००००	३०९२२७७.८१	१९०७७२३.१९
जम्मा			१९०७७२३.१९

प्रमाण पेश नगरेको	१९,०७,७२३

९ वित्तीय विवरणः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा

तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **खर्च बिश्लेषणः**

पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. ७६ लाख ७३ हजार राजस्व बाँडफाँटबाट रु. ९ करोड २७ लाख ४१ हजार र अनुदानबाट रु ३५ करोड ८९ लाख २१ हजार र अन्य आयबाट रु ४१ लाख ८८ हजार समेत रु ४६ करोड ३५ लाख २४ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३४ करोड ५३ लाख ८० हजार (७० प्रतिशत)र पूँजिगत तर्फ रु १५ करोड ९३ हजार (३० प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७६ लाख ७३ हजार (१.५५)प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु १६ करोड ६१ लाख ६३ हजार खर्च भएको छ जुन आन्तरिक आयको २२ गुणा बढी खर्च हो। पालिकाले चालु खर्चमा मित्वययीता कायम गरि पूँजिगत खर्च बढाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११ **स्वीकृत ढाँचाः**

११.१स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

सैद्धान्तिक बेरुजु

११.२प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु. ४६ करोड ३५ लाख २५ हजार र गत वर्षको मौज्दात रु. १९ करोड ८४ लाख ४० हजार समेत जम्मा रु. ६६ करोड १९ लाख ६५ हजार र कुल भुक्तानी रु. ५० करोड ८ लाख १२ हजार देखाई रु. १६ करोड ११ लाख ५२ हजार अन्तिम मौन्दात देखिन्छ ।

सैद्धान्तिक बेरुजु

११.३पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

सैद्धान्तिक बेरुजु

१२ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर):**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४ करोड ७२ लाख ९८ हजार पुँजीगत खातामा रु. १० करोड १२ लाख ८६ हजार,

आन्तरिक राजस्व खातामा रु ४६ लाख ११ हजार समेत रु. १५ करोड ३१ लाख ९५ हजार मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **जिम्मेवारी फरक पारेकोः**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु. २० करोड २२ लाख ५३ हजार मौज्दात कायम देखाएकोमा यो बर्षको शुरुमा रु. १९करोड ८४ लाख ४० हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३८ लाख १२ हजार घटी जिम्मेवारी सरेको देखिन्छ । पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **कर्मचारी करारः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखि रु १४३००००० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **तलवी प्रतिवेदनः**

निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४
  (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- वडा कार्यालयतथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

- भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१७ **सवारी साधन मर्मत:**

सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म. ले. प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

- पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन साथै समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।
- पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. १३६८०००.०० खर्च गरेकोमा सवै किसिमको मर्मतको अवस्था देखिने गरी मर्मत अभिलेख राखेको छैन । साथै मर्मत वापतको रकम सिधै सम्बन्धित पार्टिलाई भुक्तानी दिनु पर्नेमा सो नगरि कर्मचारीले विल पेश गरि कर्मचारीको नाममा भुक्तानी भएको छ। यसले भुक्तानी लिएको कर्मचारीले मर्मत गराए।नगराएको यकिन हुन सकेन। साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कानून निर्माण तथा कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ५ ऐन, १ नियमावली, १३कार्यविधि २ निर्देशिका १ आचरण सहिता र २ मापदण्ड समेत २४ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२० **न्याय सम्पादन:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपप्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
०	१२९	१२९	९३	०	३६

सैद्धान्तिक बेरुजु

२१ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२२ **क्षेत्रगत बजेटः**

२२.१ पालिकाको कुल बजेट ६९ करोड ९८ लाख १९ हजार र खर्च ४९ करोड ५४ लाख ७३ हजार खर्च भई समग्रमा ७०.८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

क्र स	क्षेत्रगत बजेट	खर्च रकम	खर्च प्रतिशत
1.	आर्थिक विकास	९४०७७१९.०५	१.९
2.	सामाजिम विकास	१८६५४२२६०.४८	३७.६५
3.	पूर्वाधार विकास	११५६७८५२७.०१	२३.३५
4.	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८५४१११११.१२	१.७२
5.	कार्यालय संचालन तथा प्रशासनिक	१७५३०३५११.७	३५.३८
जम्मा			१००

सैद्धान्तिक बेरुजु

२२. उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ३७.६५ प्रतिशत, पूर्वाधार विकासमा २३.३५ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा ३५.३८ प्रतिशत, आर्थिक विकास तर्फ १.९० प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.७२ प्रतिशत प्रतिशत मात्र रहेको देखियो ।अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

२३ **कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी १५८ जना पदपूर्ती भएको देखिन्छ।कर्मचारी व्यवस्थापन कार्यलाई दुरुस्त बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **योजना र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा

नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

क्र. सं.	विवरण	योजना संख्या
१	१ लाखसम्म	२६
२	१ लाख देखि ५लाख सम्म	१२९
३	५ लाख देखि २० लाख सम्म	३१
५	२० लाख भन्दा माथीका योजना	७
	जम्मा	१९३

सैद्धान्तिक बेरुजु

२५ **खर्च प्रगतिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शीर्षक	कुल पूजिगत खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
1	पुँजिगत	१५००९३	२४२५६	३१६९६	९४१४०	६२५७८

सैद्धान्तिक बेरुजु

२६ **आयको अनुमानः**

२६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड ९१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०७९।८० मा रु.८९ लाख ७३ हजार प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

क्र स	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी
१	भुमिकर/मालपोत	२७०००००	९७३४११.८५
२	वहाल कर	१०००००	४०७१३०.३६
३	वहाल विटौरी कर	१०००००	१४,०००.००
७	अन्य कर	१०००००	२९३९३२.९९
११	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५०००००	६१२०००
१२	बाँडफाँड भई प्राप्त वन रोयल्टी	०	०
१३	अन्य स्रोतबाट प्राप्त रोयल्टी	२००००००	५००
१४	न्यायिक दस्तूर	१०००००	२१,६६५.००
१५	शिक्षा क्षेत्रको आम्दानी	२०००००	८,०००.००
१६	परीक्षा शुल्क	१०००००	४७,७००.००
१७	अन्य प्रशासनिक सेवा शुल्क	२०००००	८५०९६०
१८	नक्सापास दस्तुर	५०००००	१३२५६५
१९	सिफारिश दस्तुर	५०००००	१३७१६६२.९८
२०	व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००	३१६५५०
२१	नाता प्रमाणित दस्तुर	२०००००	३७,२५०.००
२२	अन्य दस्तुर	२०००००	५०,१९५.००
२३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	५०००००	१४९६००
२४	अन्य क्षेत्रको आय	५००००००	२८,९४०.००
२५	न्यायिक दण्ड जरिवाना र जफत	१०००००	०
२६	प्रशासनिक दण्ड जरिवाना र जफत	१०००००	६८,१००.००
२७	प्रदुषण नियन्त्रण शुल्क	२०००००	०
२८	अन्य राजस्व	१०००००	३५८९४४१.८९
२९	व्यवसाय कर	३०००००	०
३०	बेरूजू	५००००००	०
जम्मा		१९१०००००	८९७३६०५.०७

सैद्धान्तिक बेरुजु

२६. पालिकाले २९ वटा विभिन्न शिर्षकमा आय प्राप्त गर्ने लक्ष्य लिएकोमा २६ वटा शिर्षकमा मात्र तोकिए भन्दा न्यून मात्रामा राजश्व संकलन भएको छ भने ४ वटा शिर्षकमा राजश्व संकलन भएको देखिएन। पालिकाले आगामी दिनमा बास्तविक रुपमा लागत अनुमान तयार गरी राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६. **व्यवसाय करः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रकम प्राप्त नभएको हुदा पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

मनोरन्जन करः स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन।आगामी दिनमा यस कर संकलनमा ध्यान दिनुपर्दछ।

ईट्टा व्यवसायी: स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न व्यवसायीलाई दर्ता गर्न प्रोत्साहन गरी बार्षिक रुपमा संस्था दर्ता नविकरण गरेरमात्र कार्य गर्ने व्यवस्था गर्नुपर्नेमा पालिका क्षेत्रमा विभिन्न इट्टा व्यवसायीहरु रहेकोमा पालिकामा कुनै पनि इट्टा व्यवसायी दर्ता भएको देखिएन। जनताको जनजीवनमा प्रत्यक्ष असर पार्ने इट्टा व्यवसायीलाई पालिकाले दर्ता गर्न लगाई करको दायरामा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **वडागत राजश्वः**

पालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा प्रत्येक महिनाको १५ दिन देखि १ महिना पछि संकलित रकमको दाखिला गरेको देखिएको हुदा नियमानुसार समयमै संकलित रकम दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **घर जग्गा बहाल करः**

स्थानीय सरकार संचालन ऐन 2074 को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **भ्रमणकार्य व्यवस्थापन:**

भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।

- भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फारम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फारम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा रु.६००००० खर्च गरेको देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमणको यथार्थपरकम अवस्था देखिने गरी भम्रण अभिलेख प्रतिवेदन तयार गरी पेश गरेको देखिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ताको नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा अवस्यकता तथा औचित्यको आधारमा भुक्तानी दिनु पर्नेमा औचित्य पुष्टि हुनेगरि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएन। पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३० **राजश्व अभिलेखः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **रकम दाखिला:**

३१.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २८(२) मा सार्वजनिक नगद जिम्मा लिने व्यक्तिले ठेक्का कवोल गरेको रकम तोकेको समयमा दाखिला गर्नुपर्ने र सो नगरेमा १० प्रतिशतले जरिवाना सहित बाँकी

रकम सअल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले लक्ष्मीपुर बजारको लागि रु २८५०० कवोल गर्ने जल सिं पासवान ले कबोल गरेको रकम २०७९।६।११ गते सम्म जम्मा गरिसक्ने गरी सम्झौता गरेकोमा सम्झौता गर्दाको बखत रु १ लाख नगद जम्मा र ठेक्का कवोल बापतको विड सेक्युरिटि बापत जम्मा गरेको रु ४५००० समेत गरी रु १४५००० जम्मा गरेको र मिति २०७९।८।२६ मा रु ३०००० गरी हाल सम्म कुल रु १७५००० जम्मा गरेको हुदा नियमानुसार अनुसार ६। ११ सम्म रकम जम्मा गरी बाँकी रहेको रु १४०००० को १० प्रतिशतले हुने रु १४००० र दाखिला नै गर्न बाँकी रु ११०००० कुल रु १२४००० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,२४,०००

३१.२ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार ठेक्का कवोल गर्नेले कवोल अंकको ५ प्रतिशतका दरले जमानतपत्र पेश गरी सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले कार्यसम्पादन जमानत लिई सम्झौता गर्नुपर्नेमा सो नगरी सम्झौता गरेको हुदा आगामी दिनमा कार्यसम्पादन जमानत लिएर मात्र सम्झौता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१.३ मूल्य अभिवृद्धि कर ऐन २०५८ को दफा १५(३) मा मू अ कर लाग्ने कारोबार गर्ने मू अ कर दर्तामा नहुने पक्षले समेत मू अ कर बापतको रकम असुल गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले यस बर्ष विभिन्न ५ स्थानको बजार ठेक्का बापत कवोल गरेको कुल रु १०२६२०० को १३ प्रतिशतले हुने रु १३३४०६ संघीय सरकारको नाममा भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,३३,४०६

३२ **राजश्व परामर्श समितिः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **पोखरी व्यवस्थापनः**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रमा रहेका लाभका क्षेत्रहरु पहिचान गरि सो क्षेत्रबाट राजस्व आम्दानी गरि पालिकालाई सम्बृद्ध बनाउनुपर्ने उल्लेख छ। यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको स्वामित्वमा रहेको देहायका पोखरीहरुबाट पालिकाले पोखरीहरुलाई आफ्नो स्वामित्वमा ल्याई आय आर्जन गर्न ठेक्का लगाउनु पर्नेमा सो गरेको देखिएन। निम्न पोखरीहरु समुदायीक विद्यालयहरुको स्वामित्वमा रहेको र

विधालयहरुले नै ठेक्का लगाएको अवस्था रहेकोले पालिकाले आफ्नो स्वामित्वमा ल्याई पोखरीहरुको ठेक्का व्यवस्थापन गरि राजस्व बृद्धि गर्न बिशेष ध्यान दिनु पर्दछ ।

क्र.सं.	विद्यालयको नाम	पोखरी संख्या	पोखरीको साइज	पोखरी ठेक्का लागेको रकम रु.	कैफियत
१	रामलगन माध्यमिक विद्यालय हरिपुर न.पा.-९, पिडारी	१	३६०x ३०५	१,१६,०००।००	बार्षिक
२	जनता माध्यमिक विद्यालय हरिपुर न.पा.-३, फरहदवा	१	०२/१०/२०००	३,७५,०००।००	बार्षिक
३	श्रवण जनता प्राथमिक विद्यालय हरिपुर न.पा.-७ पचगछिया	१	०-१०-०	६०,७००।००	बार्षिक
४	जनता माध्यमिक विद्यालय हरिपुर न.पा.-४, हरैया	४	०२/०३/२०१०	४,६५,०००।००	बार्षिक
५	जनता माध्यमिक विद्यालय हरिपुर न.पा.-४, हरैया	३	०-१२-०	७५,०००।००	बार्षिक
	जम्मा			१०९१७००	

सैद्धान्तिक बेरुजु

३४ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद नाघेको पेश्की रु.२ लाख फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.

सि नं.	पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व.	
					म्याद ननाघेको	
					रकम	फछ्यौटको अन्तिम म्याद
१	०३/१५/२०८०	४९५	वडा अन्तर्गतको संस्थागत पदाधिकारीहरुको लागि क्षमता अभिवृद्धि गर्न भ्रमण अवलोकन कार्य	महेश कुमार दास	०	०४/१९/२०८
२	०३/१५/२०८०	४९५	संस्थागत पदाधिकारीहरुको क्षमता विकासको लागि भ्रमण अवलोकन कार्य	सुरेन्द्र सिंह दनुवार	०	०४/१९/२०८
१	०८/१३/२०७९	११४	सुत्केरी प्रोत्साहन- प्रोटोकल अनुसारको गर्भ सुत्केरी जाँच गराउनेहरुलाई	पिडारी स्वास्थ्य चौकी	-९९,०००.००	०९/१९/२०७
२	०८/१३/२०७९	११४	सुत्केरी प्रोत्साहन- प्रोटोकल अनुसारको गर्भ सुत्केरी जाँच गराउनेहरुलाई	स्वास्थ्य चौकी फरहदबा	१,०००.००	०९/१९/२०७
१	०४/०१/२०७९	२४	वडा नं. ५ को मर्जुवा जाने सडक कालोपत्रे	वडा नं. ५ को मर्जुवा जाने सड्क कालोपत्रे निर्माण उ.स.	०	

पेश्की	२,००,०००

३५ **बोका खरिद तथा वितरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले वडा नं ७ कोलागि वाग्ले बाको बहुउदेशिय कृषि फर्मबाट रु ४९००० मा २ वटा बोका खरिद गरेकोमा खरिद भएको उक्त बोका कुन समूहमा वितरण गरेको हो, बोकाको जन्म दर्ताको प्रमाण पत्र, स्वास्थ्य अवस्था र बिमा को सम्बन्धमा कुनै प्रमाण कागजात श्रेष्ता साथ संलग्न छैन। उपरोक्ता अनुसारको प्रमाण पेश हुनु पर्दछ रु

प्रमाण पेश नगरेको	४९,०००

३६ **हाम्रो हरिपुर कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले हाम्रो हरिपुर नामक रेढियो कार्यक्रम संचालनको लागि समुदायीक संचार एकता सहकारी संस्था लिमिटेडलाई रु ४९७३८० भुक्तानी गरेको छ। उक्त कार्यक्रममा के सम्बन्धी जिङ्गग तयार गरेको हो, दिनमा

कति पटक वा कति मिनेटको कार्यक्रम संचालन गरेको हो, उक्त कार्यक्रमको रेकर्डिङ्ग(सफ्ट कपि) सम्बन्धमा प्रमाणित हुने कुनै आधार प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्दछ रु

प्रमाण पेश नगरेको	४,९७,३८०

३७ **स्मार्ट लर्निङ्ग प्रोग्रामः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले विद्यालयहरुमा स्मार्ट लर्नङ्ग प्रोग्राम संचालन गर्न क्रिएटिभ ईन्भेष्टमेन्ट वर्ड प्रा लि संग १५ सेट स्मार्ट सिकाई सामाग्री खरिद गरि रु ७९९८७० भुक्तानी गरेको छ। उक्त सामाग्री १५ वटा विद्यालयलाई हस्तान्त्रण गरेको छ। कार्यक्रम कतिको प्रभावकारी भयो, कति विधार्थि लाभान्वीत भए, उपयोगिता तथा लागत लाभको सम्बन्धमा प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ रु

प्रमाण पेश नगरेको	७,९९,८७०

३८ **लागत अनुमानः**

सार्वजनिक खरिद नियमावली २०६४ मा कुनै कार्यक्रम संचालन गर्नु पूर्व सोको लागत अनुमान बनाई अधिकार प्रप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र कार्यक्रम संचालन पश्चात सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले समुदायीक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक।शिक्षिकाहरुलाई दक्ष स्काउट शिक्षकको रुपमा तयार गर्न भौ नं मिति ४६४।२।३२ बाट नेपाल स्काउट नगर समिति हरिपुरलाई रु ३००००० भुक्तानी दिएकोमा सो कार्यक्रमको लागत अनुमान नबनाएको तथा सो बमोजिमको कार्य सम्पन्न प्रतिवेदन तयार नगरेकोले उक्त भुक्तानी रकम नियम सम्मत देखिएन रु

अनियमित भएको	३,००,०००

३९ **मेला, महोत्सव तथा पर्व खर्चः**

स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, मेला, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १७००००० खर्च गरेको छ । यस प्रकारका खर्चमा नियन्त्रण गर्नु पर्दछ।

गो. भौ. नं.	प्रयोजन	भुक्तानी रु.
३७२।१।३	वडा नं ३ मा फरहादवा कुम्भ मेला	४०००००
३७१।१।३	माघी पर्व उत्सव	६५००००
३७०।१।३	शिवरात्रि पुजाको अवसरमा मेयर कप कार्यक्रम	४५००००
४९७।३।१७	डोरी तान प्रतियोगिता	२०००००
	जम्मा	१७०००००

सैद्धान्तिक बेरुजु

४० **समायोजन ग्रेडः**

कर्मचारी समायोजन ऐन २०७५ को दफा ७(४) मा स्थनिय तहमा समायोजन भएका श्रेणिगत कर्मचारीहरुलाई मात्र समायोजन ग्रेड दिनु पर्ने उल्लेख छ। पालिकाले साविकको जि वि स मा कार्यरत निम्न कर्मचारीहरुलाई समायोजन ग्रेड दएको रकम असुल गर्नु पर्दछ रु

सि नं.	नाम	ग्रेड दर	१३ महिनाको ग्रेड
१	सुरेन्द्र सिंह दनुवार	१०९७	२८५२२
२	राजन कुमार पाचे मगर	१०९७	२८५२२
३	निलम चौधरी	१०९७	२८५२२
४	कौसर आलम संशुर	१०९७	२८५२२
५	कृष्णदेव लाल कर्ण	८२३	२१३९८
	जम्मा		१३४४८६

असुल गर्नुपर्ने	१,३५,४८६

४१ **ईन्धन खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ईन्धनमा मात्र रु २९ लाख खर्च गरेको छ ।पालिकाले ईन्धनमा खर्च गर्दा कुन सवारी कती किलो मिटर चल्दा कती लिटर ईन्धन खपत भयो स्पष्ट देखिने गरि सवारी लग बुक राखेको देखिएन। पालिकाले यस्तो खर्चमा मितव्ययीता आपनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **हेभि सवारी खर्चः**

स्थानीय सरकार संचालन ऐन २०७४ मा कार्यालय प्रमुखले औचित्यको आधारमा लाभ लागतलाई विश्लेषण गरि कुनै पनि कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ पालिकाले २ वटा टिप्पर (सानो ठुलो) एक वटा एक्साभेटर राखी बर्ष भरि सानो टिपरबाट रु ७५००, ठुलो टिपरबाट रु १०५०० र एक्साभेटरबाट रु ४०७५०० गरी रु ४२५५०० मात्र आम्दानी गरेको छ। उक्त आम्दानी गर्न पालिकाले ३ वटा ड्राईभरको तलबमा रु ९६६३१२, ईन्धनमा रु१९९०००, मर्मतमा ३१४११९ ती सवारी राख्न भाडामा लगाको जग्गा वापत रु १६६३२० गरी वर्षभरि रु १६४५७५१ खर्च गरेको छ। पालिकाले उक्त मेसीन

तथा टिपर कुन मितिमा कति समय कुन ठाँउमा चलेको हो सोको अभिलेख राखेको छैन। यसरी आम्दानी भन्दा खर्च रकम बढी भईरहेको अवस्थामा एक्साभेटर तथा टिपरहरु राखिरहनु मितव्ययी देखिएन रु.

अनियमित भएको	१६,४५,७५१

४३ **पत्रपत्रिका छपाई तथा मसलन्दः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पत्रपत्रिका छपाईमा रु १३ लाख खर्च गरेको छ। पालिकाले सिधै सम्बन्धित पार्टिको विल भुक्तानी गर्नु पर्नेमा सो नगरी तेश्रो पक्ष मार्फत भुक्तानी गरेको छ । यसता खर्च नियन्त्रण गर्दै सिधै सम्बन्धित पार्टिलाई भुक्तानी हुने गरि व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४४ **स्वकीय सचिवः**

मधेश प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ मा नगर प्रमुख तथा नगर उप प्रमुखले स्वकिय सचिव वापतको सुविधा पाउने उल्लेख छैन। साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । पालिकाले संघीय तथा प्रदेश कानूनसँग बाझिने गरी भाद्र महिनादेखि अषाढ मसान्तसम्म ११ महिनाको नगर प्रमुखको स्वकिय सचिवको रुपमा अभिमन्यू चौधरीलाई मासिक रु ३४७३० का दरलेरु ३८२०३०.०० र नगर उप प्रमुखको स्वकिय सचिवको रुपमा चन्देश्वर रायलाई रु ३२९०२ का दरले रु ३६१९२२ गरि रु ७४३९५२ भुक्तानी गरेको छ। यसरी कानूनमा व्यवस्था नभएको सुविधा वापत भुक्तानी भएको रकम असुल गर्नु पर्दछ रु

असुल गर्नुपर्ने	७,४३,९५२

४५ **आर्थिक सहायताः**

हरिपुर नगरपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७९ को परिचछेद ३ मा आर्थिक रुपले विपन्न नागरिकलाई औषधि उपचार वापत १ देखी ५ हजार सम्म आर्थिक सहायता उपलब्ध गराउने उल्लेख छ। पालिकाले उक्त शिर्षकमा विनियोजन गरेको रकम सोही शिर्षकमा खर्च लेख्नु पर्नेमा सो नगरि आर्थिक सहायता वापत निम्नानुसारको ब्यक्तिलाई भुक्तानी दिएको छ। यसरी कार्यविधि भन्दा विपरित हुने गरि भुक्तानी भएको रकम नियम सम्मत देखिएन रु

भौ नं मिति	व्यहोराहरु	भुक्तानी पाउने	रकम
३३२।१२।१४	शौचालय निर्माण	ईन्द्र कुमार थापा	५०००
३३६।१२।१४	अधिवेशन	नेपाल राष्ट्रिय कर्मचारी संगठन	५०००
४५७।२।३१	अधिवेशन	अखिल नेपाल किसान महासंघ	१००००
४३४।२।१९	आर्थिक सहयोग	नव संघर्षशिल यूवा क्लब	१००००
३१६।१२।५	पर्यटन क्षेत्रमा योगदान	भनपति खतिवडा	५०००
६।०७९।६।५	राष्ट्रिय एथलेट्समा दोस्रो हुने खेलाडिलाई प्रोत्साहन	नेहा कुमारी चौधरी	७०००
८२।०७९।७।२२	पिण्डेश्वरनाथ युवा क्लबलाई अनुदान	पिण्डेश्वरनाथ युवा क्लबलाई	१००००
१४२।०७९।८।२९	जितिया पर्वमा ओठंगर खाने कार्यक्रम	बहुरी देवी चौधरी	१००००
१५५।०७९।९।१२	Yes girls movement मा स्काउटको छनौटमा विदेश गएबापत	प्रतिष्ठा सुवेदि	५०००
२२०।०७९।१०।१९	जय नरसिंह युवा क्लब	जय नरसिंह युवा क्लब	१००००
२२९।०७९।१०।१९	जय नरसिंह युवा क्लब	जय नरसिंह युवा क्लब	१००००
१६२।०७९।९।२०	डान्स प्रतियोगिता सन्चालन	राजन कुमार पाँचे मगर	१००००
१६६।०७९।९।२०	राम जानकी पुजा तथा भजन किर्तन गर्न	राम जानकी मठ मन्दिर	१००००
	जम्मा		१०७०००

अनियमित भएको	१,०७,०००

४६ न्यायिक फिल्ड भत्ता:

पदाधिकारी सेवा सुविधा सम्वन्धि कार्यविधिमा न्यायिक समितिलाई फिल्ड भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था गरेको देखिदैन। पालिकाले न्यायिक समितिको फिल्ड भत्ता भुक्तानी बापत गो भौ भं ६००।०८०।३।२४ बाट नवल किशोर रायलाई रु १७२४५० भुक्तानी भएको छ । कार्यविधि अनुसार भुक्तानी नभएको हुँदा आगामी दिनमा यस कार्यमा सुधार हुनुपर्छ।

सैद्धान्तिक बेरुजु

४७ **हेण्डपम्प निर्माणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. ३८ बाट हेण्डपम्प निर्माण वापतको भुक्तानी गर्दा कुल ३४.७४ मीटर धारा निर्माण गरी ४५.७२ मीटरको रु ३५० को दरले भुक्तानी भएकोमा १०.९८ मीटरको रु ३८४३ बढी भुक्तानी भएको छ। उक्त बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ रु

असुल गर्नुपर्ने	३,८४३

४८ **ब्याग खरिदः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. ६१।०७९।७।१ बाट मासिक डाटा भेरीफिकेसन तथा वार्षिक समिक्षा पालिकामा प्रत्येक महिना र भाद्र महिनामा मासिक रुपमा कार्यप्रगति शीर्षकबाट राम नरेश ठाकुरलाई रु १३३९५९ भुक्तानी भएकोमा उक्त कार्यक्रममा कार्यक्रमको उद्देश्य विपरित ३२ वटा व्याग रु ४६४१६ मा खरिद खरि वितरण गरेको पाईयो। कार्यक्रमको लागि स्वीकृत बजेट अनुसार सोहि कार्यमा खर्च गर्नुपर्नेमा मासिक डाटा भेरीफिकेसन तथा वार्षिक समिक्षा पालिकामा प्रत्येक महिना र भाद्र महिनामा मासिक रुपमा कार्यप्रगतिको लागि विनियोजित बजेटबाट व्याग खरिद लगाएत अन्य कार्यमा खर्च गरेकोले आगामी दिनमा यस कार्यमा सुधार हुनुपर्छ।

सैद्धान्तिक बेरुजु

४९ **समुदायीक संस्थाहरुबाट कार्यक्रम संचालनः**

सार्वजनिक खरिद नियमावली २०६४ मा कुनै कार्यक्रम संचालन गर्नु पूर्व सोको लागत अनुमान बनाई अधिकार प्रप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने र कार्यक्रम संचालन पश्चात सोही अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले सो नगरी समुदायीक संस्थाहरुबाट कार्यक्रम संचालन गराई रकम भुक्तानी दिएको छ । उक्त कार्को लागत अनुमान नबनाएको र सो बमोजिम कार्यसम्मपन्न प्रतिवेदन पेश गरेको छैन। यसरी पालिकाको आफनै जनशक्ति भएको अवस्थामा समेत नियम विपरित समुदायीक संस्थाहरुबाट कार्यक्रम संचालन गराएको औचित्यपूर्ण देखिएन रु

भौ नं मिति	कार्यक्रम	संस्था	रकम
१४९।८।२९	लक्षित वर्ग आम संचार तथा क्षमता विकास	मुनाल समुदायीक संस्था	६६६०६
१५०।८।२९	यूवा क्षमता विकास तथा लागु पदार्थ दुर्वेसन सम्बन्धी जनचेतनामूलक	मनकामना समुदायीक संस्था	९४३६०
१९३।१०।३	बैदेशिक रोजगार सम्बन्धी अभिमूखिकरण तालिम	मुनाल समुदायीक संस्था	२८०६०७
	जम्मा		४४१५७३

अनियमित भएको	४,४१,५७३

५० **व्यक्तिको नाममा भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ । पालिकाले कार्यालयसंग सम्बन्धित कुनै पनि विलको भुक्तानी दिंदा सम्बन्धित पार्टिको नाममा भुक्तानी भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिएको छ। जस्ले गर्दा उक्त भुक्तानी वास्तविक हो भनि यकिन गर्न सकिएन। पालिकाले यस तर्फ सुधार गर्नु पर्दछ। यसका केही उदाहरणहरुः

भौ नं मिति	व्यहोराहरु	भुक्तानी पाउने	रकम
३४२।१२।१५	वडा संचालन खर्च		४९७८२.५
५०८।३।१८	मर्मत	महेश कुमार दास	४९२४५
,,	वडा संचालन खर्च	निलम चौधरी	४७२६०
५०९।३।१८	मर्मत ईन्धन मसलन्द	प्रदिप कुमार चौधरी	८०५८५
,,	,,	संगिता श्रेष्ठ	५४०५०
५१२।३।१९	मर्मत ईन्धन मसलन्द	राजन कुमार पाचे	११५०२०
,,	,,	गणेश महर्जन	३२७७०
५१६।३।१९	मर्मत ईन्धन मसलन्द	कदशल आलम मंशुर	५२८७५
,,	,,	सुरेन्द्र सिंह दनुवार	२८३०७
३२४।१२।९	मर्मत	विभिन्न ३ जनालाई	३३१७०
३१।०७९।६।१२		होम कुमारी श्रेष्ठ	२३६००
३३।०७९।६।१२		राजिव महतो	९४००
३९।०७९६।१४		अनिल कुमार चौधरी	१९८००
६७।०७९।७।२		निलम चौधरी	३४३६५
६७।०७९।७।२		सुरेन्द्र सिंह दनुवार	३४३६५
१६५।९।२०		गणेशमान महर्जन	४९२५०
१६५।९।२०		राजन कुमार पाँचे मगर	८१९७३
१६५।९।२०		संगिता श्रेष्ठ	४६६००

सैद्धान्तिक बेरुजु

५१ **सोझै खरिद:**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८(२) मा प्रतिष्पर्धालाई सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्ननहुने व्यवस्था रहेको छ । साथै खरिद नियमावली २०६४ को नियम ३१ अनुसार बिस लाख भन्दा माथीको खरिद कार्य गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको गो भौ मितिबाट प्रतिस्पर्धा सिमित हुने गरि खरिद कार्य गरेको छ। पालिकाले विधिपूर्वक खरिद कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ।

गो भौ मिति	विवरण	सप्लायर्स	रकम
३७४।१।४	कार्यालय सामाग्री	संजय जेनरल सप्लायर्स	९७९३७६
५।६।५	कार्यालय सामाग्री	सचिन जेनरल स्टोर	१९५१५१
	जम्मा		११७४५२७

सैद्धान्तिक बेरुजु

५२ **औषधि ढुवानीः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले विभिन्न समयमा स्वास्थ्य संस्था औषधी तथा स्वास्थ्य सामाग्री ढुवानी गरेको भनि निम्न बमोजिम भुक्तानी खर्च लेखेकोमा कार्य गरेको आधार, प्रमाण तथा डोर हाजिर पेश गरेको छैन। उक्त खर्च पुष्टी हुने कागजात पेश गर्नु पर्दछ रु

भौ नं मिति	व्यहोरा	रकम
४९९।३।१७	विभिन्न १८ जना कार्यालय सहयोगिहरुलाई	६५१००
३१५।१२।३	विभिन्न ९ जना कार्यालय सहयोगिहरुलाई	२५०००
जम्मा		९०१००

प्रमाण पेश नगरेको	९०,१००

५३ **अनुदानः**

अर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले सर्पदंस केन्द्र नवलपुरलाई रु १००००० अनुदान दिएकोमा उक्त अनुदान रकम कुन कुन शिर्षकमा खर्च भयो सो को विल भरपाई तथा विवरण सहित अडिट रिपोर्ट पेश गरेको छैन। पालिकाले उक्त अनुदान रकम सहि सदुपयोग भए नभएको एकिन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **सवारी भाडाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ अनुसार सरकारी रकम खर्च गर्दा औचित्यका आधारमा उच्च प्रतिफल प्रतिफल प्राप्त हुने गरि खर्च गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले सवारी भाडामा लिदा उक्त सवारी भाडामा

के प्रयोजानको लागि लिएको हो सम्झौतामा उल्लेख भएको देखिदैन । उक्त सवारी भाडाको प्रयोजन नखोली रु. ९९५०००.०० भुक्तानी गरेको छ । पालिकाले सवारी भाडाको प्रयोजन उल्लेख गरि अवस्यक्ता र औचित्यको आधारमा मात्र सवारी भाडामा खर्च लेख्नु पर्दछ।

भौ नं मिति	सावारी धनी	सम्झौता मित	मासिक भुक्तानी रु.	भुक्तानी रु.
१७८।९।२२	यूवानी कन्स्ट्रक्सन	२०७९।४।१९	९९५००	४९७५००
	गुणराज पोखरेल	२०७९।९।२१	९९५००	४९७५००
	जम्मा			९९५०००

सैद्धान्तिक बेरुजु

५५ **प्रशिक्षक तथा यातायात भत्ताः**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को परिच्क्षेद ७ मा सबै प्रकारका तालिम गोष्टि सेमिनार सम्बन्धि नर्म्स को बारेमा उल्लेख छ ।जस अनुसार सम्बन्धित कार्यालयले संचलन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति प्रशिक्षक भएमा कक्षा लिएवापतको रकम नपाउने उल्लेख छ।साथै यातायात २ दिनको कार्यक्रम भएमा यातायात वापत रु २०० सो भन्दा जतिसुकै बढी दिन भएमा एक्मुष्ट ५०० दिने उल्लेख छ। पालिकाले विभिन्न कार्यक्रम संचालन गर्दा उक्त नर्म्स भन्दा विपरित प्रशिक्षक भत्ता भुक्तानी दिएकोमा उक्त खर्चलाई नियम सम्मत मान्न सकिएन रु

भौ नं मिति	कार्यक्रम	भत्ताको किसिम	संचालनकर्ता	दिनुपर्ने	दिएको	बढी रकम
४८६। ३।१३	शिक्षक तालिम	संयोजक	नागेश्वर राय	४००	४०८०	३६८०
		सहभागि	,,	४०००	१००००	६०००
५००। ३।१७	खेलकुद कार्यक्रम	प्रशिक्षक भत्ता	नागेश्वर राय	०	१२२४०	१२२४०
५६२। ३।२२	कर्मचारी क्षमता विकास तालिम	प्रशिक्षक भत्ता(आन्तरिक ले नपाउने)	अम्बिका मैनाली	०	३८०००	३८०००
		संयोजक	,,	४००	४०००	३६००
		याताथात	,,	०	६६०००	६६०००
५७९। ३।२३	लघु उद्यम	प्रशिक्षक	अनिल कुमार चौधरी	२१०००	३००००	९०००
		सहभागि	,,	१०५००	२२५००	१२०००
		अनुगमन	,,	३०००	९६००	६६००
	जम्मा					१५७१२०

अनियमित भएको	१,५७,१२०

५६ **सफ्टवेयर खरिदः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. ४१।०७९।६।३ बाट न्यायिक मेलमिलाप व्यवस्थापन प्रणाली सफ्टवेयर खरिद गरी रु ४८०२५० भुक्तानी दिएकोमा DOID सँग मिति २०७९।५।१३ मा cloud storage का लागि निवेदन दिएकोमा उक्त cloud storage प्राप्त नभईकनै हतारमा सफ्टवेयर खरिद गरेको कारण उक्त सफ्टवेयरको source code प्राप्त गरेको छैन । यसरी सोर्स कोड नदिएको अवस्थामा उत्पादकबाट सफ्टवेयर को दोहोरो बिक्री भई दुरुपयोग हुन सक्ने हुनाले उत्पादकबाट उक्त सफ्टवेयरको सोर्स कोड गर्नु पर्ने रु

क)राजश्व संकलन प्रणाली सम्बन्धित सफ्वेयरमा समेत source code प्राप्त नगरिकनै बिगत वर्षदेखिनै राजश्व संकलन भइरहेको हुँदा राजश्व संकलनमा प्राप्त हुने नागरिको व्यक्तिगत सुचनाको संरक्षणमा सुनिश्चित हुन सक्ने अवस्था देखिन्न । आगामि दिनमा यसमा सुधार गर्नुपर्छ।

प्रमाण पेश नगरेको	४,८०,२५०

५७ **कोभिड अस्पतालः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। कोभिड अस्पताल खारेज भएको अवस्थामापालिकाले कोभिड अस्पतालमा कार्यरत २ कर्मचारीलाई मासिक रु ४१५०० का दरले दिएको १२ महिनाको रु ४९८००० भुक्तानी गरेको छ। यसरी भुक्तानी भएको रकम औचित्यपूर्ण नदेखिएको रु

अनियमित भएको	४,९८,०००

५८ **थप यातायात प्रोत्साहनः**

स्वास्थ्य सेवा नियमावली २०५५ अनुसार प्रत्येक स्वास्थ्य चौकीमा स्वयम सेवकको रुपमा कार्य गर्ने गरि नियूक्ति गरिएका र सो को सम्बन्धमा सेवा सुविधा संघिय सरकारवाट विनियोजन भईरहेको अवस्थामा स्थानीय तहले सोही सेवा सुविधासंग बराबर हुने गरि रकम थप गरि भुक्तानी भएको छ । पालिकालाई दिर्घकालिन व्ययभार पर्ने कार्यको लागि कार्यपालिकाको निर्णय गरि वित्तिय सामानिकरणको गो. भौ. नं. ४९६।०८०।३।१६ बाट विभिन्न ५९ जना महिला स्वयम सेविकालाई यातायात प्रोत्साहन वापत रु. ४२४८००.००भुक्तानी गरेको रकम थप व्ययभार परेको रु

अनियमित भएको	४,२४,८००

५९ **कार्यक्रम प्रशिक्षकः**

कुनै पनि कार्यक्रमको लागत अनुमान बनाउदा स्वीकृत नर्म्स अनुसारको दर राखी बनाउनु पर्दछ। पालिकाले निम्न कार्यक्रमको लागत अनुमान तयार गर्दा कार्य संचालन निर्देशिकामा भएको व्यवस्था भन्दा बढी दर राखी लागत अनुमान बनाई निम्न सर्लायससंग सम्झौता गरेको छ। उक्त कार्यक्रम संचालन गरे वापत भुक्तानी दिंदा निम्न शिर्षकमा बढी भुक्तानी भएको छ। कार्यविधि अनुसार बढी भुक्तानी भएको हुँदा आगामी दिनमा कार्यविधि अनुसार भुक्तानी हुनुपर्छ।

भौ नं मिति	कार्यक्रम	सप्लायर्स	बढी भुक्तानी भएको शिर्षक	हुनु पर्ने	भएको	बढी
४८७।३।१३	बालबालिकामा मोबाईल असर सम्बन्धि	मण्डेला ईन्टरनेशनल पोली टेक्निक ईन्सिटीच्यूट प्रा लि	प्रशिक्षक	२८२००	५४०००	२५८००
,,	,,	,,	संयोजक	१२००	३०००	१८००
३६६।१।३	लोक सेवा कक्ष संचालन(पहिलो चरण)	बाल विकास नेपाल	प्रशिक्षक भत्ता	६००००	२७००००	२१००००
,,	,,	,,	अनुगमन	३०००	७०००	४०००
५६५।३।२२	लोक सेवा कक्ष संचालन(दोश्र चरण)	फेडरल फोर हेल्फ नेपाल	प्रशिक्षक भत्ता	१२६०००	२७००००	१४४०००
५६६।३।२२	सर्फ बनाउने तालिम	सरोकार नेपाल	संयोजक	२२००	१००००	७८०००
,,	,,	,,	यातायात	१००००	८००००	७००००
,,	,,	,,	सहयोगि	१५००	७०००	५५००
,,	,,	,,		१६०००	२००००	४०००
६९०।३।२४	सिलाई कटाई तालिम	जानकी व्यवसायीक उद्यम विकास परामर्श तथा तालिम	प्रशिक्षक	२१०००	३००००	९०००
,,	,,	,,	संयोजक	६२००	२४०००	१७८००
,,	,,	,,	प्रशीषक यातायात	५००	४०००	३५००
२८०।११।११	लैङ्गिक समानता तथा क्षमता अभिबृद्धि	मनकामना समुदायीक संचार संस्था	संयोजक	८००	४८००	४०००
,,	,,	,,	प्रशिक्षक	४८००	१८०००	१३२००
,,	,,	,,	सहयोगि	४५०	२५५०	२१००
,,	,,	,,	अनुगमन	३०००	१४४००	११४००
४१६।२।९	चुरा बनाउने तालिम	श्री शिव शक्ति नारी उत्थान केन्द्र	प्रशिक्षक	११२००	१४०००	२८००
,,	,,	,,	संयोजक	१६००	१०५००	८९००
,,	,,	,,	अनुगमन	३०००	८०००	५०००
,,	,,	,,	सहयोगि	१०५०	४२००	३१५०

३७०।१।३	शिवरात्रि पुजाको अवसरमा मेयर कप कार्यक्रम	लक्ष्मी यूवा कल्ब	यातायात खर्च भनि १२ टिमलाई(यातायात पाउने भनि पूर्व सूचना नदिएको)	०	१५१०००	१५१०००
३६८।	महिला हंसा विरुद्ध	भरोसा नेपाल	यातायात	२५०००	७५०००	५००००
,,	,,	,,	प्रशिक्षक	३२०००	४००००	८०००
,,	,,	,,	संयोजक	१४००	५०००	३६००
,,	,,	,,	प्रतिवेदक	३०००	७५००	४५००
४३३।२।१९	मन्टेश्वरी तालिम	गाउँ सुधार विकास संस्था	प्रशिक्षक	३००००	८४६००	५४६००
,,	,,	,,	साहायक प्रशिक्षक	२१०००	७९८३०	५८८३०
,,	,,	,,	संयोजक	१३२००	३२५००	१९३००
,,	,,	,,	अनुगमन	३०००	५१०००	४८०००
	जम्मा					१०२१७८०

सैद्धान्तिक बेरुजु

६० **बाल आश्रम लाई अनुदानः**

हरिपुर नगरपालिकाको अनुदान वितरण सम्बन्धी मापदण्ड, २०८० को बुदा नं ३ मा कुनै पनि संघ संथालाई अनुदान दिंद हरिपुर नगरपालिका भित्रका नागरिकहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपले लाभान्वित भएको हुनु पर्ने उल्लेख छ। पालिकाले भौ नं मिति ४८१।३।७ बाट हरिवनमा संचालित सर्भिस फर पिस नेपाल द्वारा संचालित बाल आश्रम संचालनको लागि रु ३००००० अनुदान दिएको छ। यसरी आफ्नो कार्यक्षेत्र भन्दा बाहीर संचालन भईरहेको बाल आश्रमलाई अनुदान दिनु उचित नदेखिएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **अवासीय खर्चः**

शिक्ष तथा मानव स्रोत विकास केन्द्र सानो ठिमी भक्तपुर द्वारा प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ११.१.२.१२६ बैद्धिक आपाङ्गता भएका बालबालिकाको लागि गैर अवासिय खर्च व्यवस्थापन सम्बन्धी व्यवस्था उल्लेख छ । संघीय सरकारबाट बैद्धिक आपाङ्गता भएका विद्यार्थिहरुको गैर अवासीय वापतको अनुदान निकासा भई रहेको अवस्थामा उक्त रकम आ व २०७८।०७९ मा बर्षान्तको अन्त्यमा फ्रिज गरि आ व २०७९।०८० मा वित्तिय समानिकरणबाट श्री महाबीर जनता मा वि लाई रु ५४९५९० भुक्तानी गरेको छ। संघीय सरकारबाट अनुदान निकासा भई रहेको अवस्थामा उक्त रकमको सदुपयोग नगरी फ्रिज गर्ने र वितिय सामानिकरणबाट भुक्तानी दिनु नियम सम्मत देखिएन रु

अनियमित भएको	५,४९,५९०

६२ **स्वयम सेवक शिक्षकः**

पालिकालाई संघिय सरकारबाट शिक्षकको दरबन्दि अनुसार सशर्त अनुदानबाट तलब भत्ता निकासा भएको अवस्था छ। साथै सम्बधित विद्यालयको स्वीकृत दरबन्दि अनुसार तलब भत्ता खर्च लेख्नु पर्दछ। पालिकाले विभिन्न ५५ जना स्वयम सेवक शिक्षकको तलब भत्तामा रु १०१६४८६२ खर्च लेखेको छ । पालिकाको आन्तरिक श्रोत विना वित्तिय सम्मानिकरण अनुदान रकमबाट स्वयम सेवक शिक्षक नियूक्त गरि खर्च लेख्ने कार्यमा नियन्त्रण गरि शिक्षक नियूक्तिलाई प्रतिस्पर्धि बनाउन स्थाई नियूक्तिकोलागि सम्बन्धित निकायमा पहल गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६३ **परम्परागत विद्यालयलाई अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नं २ ७ १३ ११ मा स्थानीय तहले सामुदायिक विद्यालयका रुपमा अनुमति लिइ संचालनमा रहेका परम्परागत शिक्षा दिने गुरुकुल गुम्वा विहार मदरसा जस्ता विद्यालयलाई अनुदान उपलव्ध गराउन सक्ने व्यवस्था छ। पालिकाले संघीय सरकारबाट अनुदान निकासा भईरहेको अवस्थामा वित्तिय समानिकरणबाट भौ नं मिति ५५७।०८०।३।।२२ बाट मदरसा शैक्षिक व्यवस्थापन मदरसा ईस्लामियालाई रु २९१०००.०० भुक्तानी गरेको छ। यसरी दोहोरो पर्ने गरि अनुदान निकासा कार्यलाई नियन्त्रण गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६४ **जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा तिरि महशुलमा छुट पाउनु पर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुलमा निम्न बमोजिम जरिवाना तिरेको छ। कार्यालयले समयमा विद्युत महशुल भुक्तानी गरि छुट प्राप्त गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सि. नं .	भौ नं मिति	विल रकम	जरिवाना रकम
१	५६९।३।२२	१२५६३८	२८३७५
२	३१०।११।२८	२१७३२	५४३३
३	३११।११।२८	२२७८८	३८३९
४	४२५।२।१४	६७५४८८	१०९५१२
	जम्मा		१४७१५९

सैद्धान्तिक बेरुजु

६५ **सुत्केरी पोषण भत्ताः**

कुनै पनि कार्यक्रम नियमित रुपमा संचालन गर्नु पर्ने अवस्यकता महशुस भएमा सोको कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्दछ। पालिकाले सुत्केरी प्रोत्साहन प्रोटोकल अनुसार ४ गर्भ जाँच गराइ स्वास्थ्य संस्थामा सुत्केरी भएमा ५ हजार रकम भुक्तानी दिने गरि नगर कार्यपालिकाबाट निर्णय गरी यस वर्ष रु. ३५६२००० .०० खर्च लेखेको छ। यसरी विना

कार्यविधि पालिकामाथि दिर्घकालिन रुपमा भार पर्ने गरी निर्णय गर्ने कार्यविधि तथा मापदण्ड बनाई खर्च व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

६६ **फरक शिर्षकबाट भुक्तानीः**

गरिबी निवारणको लागि लघु उधम कार्यक्रम अन्तरगत कार्यरत सहजकर्ताको पारिश्रमिक संघीय सरकारबाट भुक्तानी भईरहेको अवस्थामा पालिकाले भौ नं मिति ५७७।३।२३ बाट राम ईश्वर दासलाई वितिय सामानिकरणबाट बैशाख जेष्ठ र असार महिनाको तलब भत्ता भनि रु ५६९४७.०० भुक्तानी दिएको छ। यसरी सम्बन्धीत शिर्षकबाट खर्च नलेखेकोले पालिकामाथि बढी व्यय भार परेको रु

अनियमित भएको	५६,९४७

६७ **कर्मचारी तालिमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली २०७७ को नियम ४१(२) अनुसार सार्वजनिक निकायले रकम खर्च औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम गरेको भनि अम्बिका मैनालीलाई रु२९२०६० भुक्तानी दिएको छ। उक्त तालिममा कार्यालयको कर्मचारीले नै तालिम दिएकोले कर्मचारीको क्षमता बृद्धि सम्बन्धि कार्यक्रम गर्दा लक्षित उद्देश्य प्राप्त हुने गरी कार्यविधि अनुसार कार्यक्रम गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

६८ **१२ औ नगर सभाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली २०७७ को नियम ४१(२) अनुसार सार्वजनिक निकायले रकम खर्च औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले १२ औ नगर सभा संचालनका विनय पौडेललाई रु ५३४८२७ भुक्तानी दिएकोमा उक्त रकम मध्येबाट निजले रु १६९७८१ को ब्याग, रैन कोट र अफिसियल ब्याग खरिद गरि वितरण गरेको देखिन्छ। अवस्यकता र औचित्यको आधारमा खर्च गर्नु पर्नेमा सो गरेको देखिएन। कार्यक्रमको लागि स्वीकृत बजेट अनुसार सोहि कार्यमा खर्च गर्नुपर्नेमा नगरसभाको लागि विनियोजित बजेटबाट व्याग खरिद लगाएत अन्य कार्यमा खर्च गरेकोले आगामी दिनमा यस कार्यमा सुधार हुनुपर्छ।

सैद्धान्तिक बेरुजु

६९ **चपल बनाउने मेसीनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली २०७७ को नियम ४१(२) अनुसार सार्वजनिक निकायले रकम खर्च औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत लाभग्राहीहरुलाई शिप मूलक तालिमको माध्यमबाट शिप सिकाई योग्य बनाउने र सो सम्बन्धी प्रविधि हस्तान्तरण गर्नु पर्नेमा सो नगरि पालिकाले तालिम नै संचालन नगरिकनै प्रविधि हस्तान्तरण कार्यक्रमकालागि हिमाल पहाड ट्रेडसबाट रु ४१५००० को चपल बनाउने मेसीन खरिद गरि शिवम चप्पल उद्योगलाई हस्तान्त्रण गरेको छ। यसरी तालिम नै नदिईकन प्रविधि हस्तान्त्रण गरेकोले औचित्यपूर्ण देखिएन रु

अनियमित भएको	४,१५,०००

७० **डोर हाजिरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा भुक्तानी दिंदा कार्यालय प्रमुखले रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्ने उल्लेख छ। पालिकाले डोर हाजिरी संलग्न नगरि ४ जना मेस्तर र २ जना स्वीपरलाई प्रतिमहिना रु ७९३५० का दरले १२ महिनाको रु.९५२२०० भुक्तानी गरेको छ। निजहरुले कार्य गरेको प्रमाणित डोर हाजिरी पेश हुनु पर्दछ रु

प्रमाण पेश नगरेको	९,५२,२००

७१ **अन्य निकाय को सहयोग**

नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ।जस अनुसार एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन पालिकाले निम्न कार्यहरुको खर्च भुक्तानी दिएको छ। यसरी अन्य कार्यालयको खर्च नगरपालिकाले भुक्तानी दिनु नियम सम्मत्त नदेखिने हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

गो= भौ = नं =	प्रयोजन	भुक्तानी रु
३७८।१।५	नापी कार्यालय सर्लाहीको बा १ झ ९४८० नं को सवारी मर्मत	७५४२७
४५४।२।२८	जिल्ला अदालत सर्लाहीलाई डेस्कटप कम्पुर खरिद गरि हस्तान्त्रण	९८५००
	जम्मा	१७३९२७

सैद्धान्तिक बेरुजु

७२ **दिवा खाजा**

७२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार IEMIS मा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको

संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले पहिलो किस्ता वापत रु ५४५५७५५ निकासा पौष महिनामा गरेको छ।त्यसपछि दोस्रो किस्ता निकासा दिने समयमा विद्यालयले पहिलो किस्ता वापतको रकम सदुपयोग गरे नगरेको र प्रमाणित गरेको हाजिरी तथ्यांक अनुसार हिसाव गरेर मात्र निकासा दिनु पर्नेमा शुरुकै तथ्यांकलाई आधार मानी दिवा खाजा वापत कूल रु १६८१६८१५ निकासा गरेको छ । यसरी निकासा दिएकोमा देखिएका व्यहोराहरु देहाय वमोजिम छन।

सैद्धान्तिक बेरुजु

७२. उपरोक्त वमोजिम विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानी IEMIS मा भएको तथ्याकलाइ सत्यापन नगराई निकासा दिएकोले देहायका विद्यालयलाई दिवा खाजा वापतको रकम रु ७२४९६५ वढी निकासा भएको छ । तसर्थ वढी निकासा भएको रकम असुल गर्नुपर्ने रु

जनता मा वि हरिपुर ४ हरैया					
कक्षा	IEMIS अनुसार विद्यार्थी संख्या	विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्या	वढी संख्या	विवरण	वढी निकासा
३	९८	५०	४८	१७७ दिन	१२७४४०
५	७४	५३	२१	१७७ दिन	५५७५५
६	९१	५३	३८	१७७ दिन	१००८९०
				जम्मा	२८४०८५
जनता प्राथमिक विद्यालय हरिपुर ८ जगतपुर					
ECD	३१	२५	६	१७७ दिन	१५९३०
१	३०	२०	१०	१७७ दिन	२६५५०
२	३२	२०	१२	१७७ दिन	३१८६०
३	२६	२२	४	१७७ दिन	१०६२०
५	१५	९	६	१७७ दिन	१५९३०
				जम्मा	१००८९०
महाविर जनता नमूना माध्यमिक विद्यालय हरिपुर २					
२	५६	४८	८	१७७ दिन	२१२४०
३	७४	६२	१२	१७७ दिन	३१८६०
४	७१	५५	१६	१७७ दिन	४२४८०
५	९५	७५	२०	१७७ दिन	५३१००
६	१३८	१११	२७	११५ दिन	४६५७५
६	१३८	८८	५०	६२ दिन	४६५००
				जम्मा	२४१७५५
पाँचकुमार रामअवतार लक्षिया माध्यमिक विद्यालय हजारविघा हरिपुर ९					
ECD	१७	१०	७	१७७ दिन	१८५८५
२	२०	१६	४	१७७ दिन	१०६२०
३	३०	२४	६	१७७ दिन	१५९३०

४	४८	४४	४	१७७ दिन	१०६२०
५	४५	३७	८	१७७ दिन	२१२४०
६	६७	५९	८	१७७ दिन	२१२४०
				जम्मा	९८२३५
				कूल जम्मा	७२४९६५

असुल गर्नुपर्ने	७,२४,९६५

७३ **वुक कर्नर**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नं २ ७ १३ ५० मा प्रति विद्यार्थी लागतका आधारमा १-५ सम्म प्रति विद्यार्थी रु १५०,६-१० सम्म रु २०० का दरले वुक कर्नर दिन सक्ने र सो रकमवाट विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वयन शैक्षिक सामाग्री व्यवस्थापन, मरमत संभार, सोलार, ल्याव, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ।पालिकाले देहाय वमोजिम १५ विद्यालयलाई रु १३७९००० निकासा गरेको छ।उक्त रकम निर्देशिकाले तोके वमोजिम क्रियाकलाप तथा सामाग्रीमा खर्च गरेको विल भरपाइ तथा सामाग्री दाखिला गरेको प्रमाण समेत पेश गर्नु पर्ने रु

सि नं	विद्यालयको नाम	निकासा रकम
१	हरिहर जनता आधारभूत विद्यालय जानकीनगर	३४९५०
२	पाँचकुमार रामअवतार लक्षिया मा वि हजारविघा	१०४७००
३	महाविर जनता माध्यमिक विद्यालय हरिपुर २	२२५५००
४	जनता आधारभूत विद्यालय सखुवा	२६४५०
५	जनकल्याण प्राथमिक विद्यालय हात्तीसार	२१०००
६	जनता माध्यमिक विद्यालय फरदहवा	१६९०५०
७	जनता माध्यमिक विद्यालय हरैया	१६२०५०
८	प्राथमिक विद्यालय मजुर्वा	१०५२००
९	सार्वजनिक माध्यमिक विद्यालय लक्ष्मीपुर कोद्राहा	१६८९००
१०	श्रवण जनता प्राथमिक विद्यालय पचगछिया	५६६००
११	लक्ष्मीनाथ जनता आधारभूत विद्यालय चिताइन	४८३००
१२	ईन्द्रपुर जनता प्राथमिक विद्यालय ईन्द्रपुर	८१००
१३	जनता प्राथमिक विद्यालय जगतपुर	१७५५०

१४	रामलगन माध्यमिक विद्यालय पिडारी	१८५०५०
१५	जनता प्राथमिक विद्यालय ढावटोल	४५६००
	जम्मा	१३७९०००

प्रमाण पेश नगरेको	१३,७९,०००

७४ **शिक्षक विद्यार्थि अनुपात**

स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न १५ सामुदायिक विद्यालयको दरवन्दी र पदपूर्तीको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

सि नं	विद्यालयको नाम	दरवन्दी	पदपूर्ती	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	महावीर जनता मा वि हरिपुर	३१	३१	१२४०	१:४०
२	जनता प्राथमिक विद्यालय जगतपुर	४	४	१४८	१:३७
३	श्रवण जनता प्रा वि पचगछिया	६	६	३७७	0.0854
४	लक्ष्मीनाथ जनता प्रा वि चिताइन	७	७	३७०	१:५३
५	जनता आधारभूत विद्यालय सखुवा	७	७	२११	१:३१
६	जनकल्याण प्रा वि हात्तीसार	३	३	१८६	0.0847
७	ईन्द्रपुर जनता प्रा वि ईन्द्रपुर	२	२	९२	१:४६
८	जनता मा वि हरैया	१२	१२	९४३	0.0965
९	जनता मा वि फरदहवा	६	६	११३१	0.1729
१०	सार्वजनिक मा वि लक्ष्मीपुर	६	६	१०५४	0.1639
११	प्राथमिक विद्यालय	७	७	७३५	0.1146

	मजुर्वा				
१२	रामलगन मा वि पिडारी	१२	१२	१२१४	0.1125
१३	जनता प्रा वि ढावटोल	९	९	४००	१:४५
१४	पाँचकुमार मा वि हजारविघा	१०	१०	५८३	१:५९
१५	हरिहर जनता आ वि जानकीनगर	१०	१०	२३०	१:२३
	जम्मा	१३२	१३२	८९१४	

यस पालिकामा १५ विद्यालयहरु संचालनमा रहेकोमा १३२ शिक्षक दरवन्दी रहेको देखियो ।पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कूल विद्यार्थी संख्या ८९१४ रही शिक्षक विद्यार्थी अनुपात १:२३ देखि १:१८९ देखिएकोले तोकिएको मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७५ **पाठ्यपुस्तक अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले पुस्तक वापतको रकम निकासा गर्दा विद्यालयले प्रमाणित गरेको विद्यार्थी संख्याको आधारमा इमिस डाटामा सत्यापन गरेर मात्र दिनु पर्दछ।पालिकाले इमिस डाटामा सत्यापन नगराइ पाठ्यपुस्तक वापतको रकम निकासा गरेको देखियो ।तसर्थ विद्यालयको प्रमाणित हाजिरी तथा भरपाइ भन्दा वढी देखिएका विद्यार्थीलाई गएको देहाय वमोजिमको निकासा रकम रु ३२१३७१ असुल गर्नु पर्ने रु

आधारभूत विद्यालय हरिपुर मर्जुवा					
कक्षा	इमिस अनुसार विद्यार्थी संख्या	भरपाई अनुसार विद्यार्थी संख्या	वढी संख्या	दर	वढी निकासा
१	२००	१९०	१०	५२०।८	५२०८
३	१६९	१५३	१६	५८०।८	९२९२
जनकल्याण माध्यमिक विद्यालय हात्तीसार					
१	५५	४८	७	५२०।८	३६४५
२	५५	३०	२५	५५६।८	१३९२०
जनता प्राथमिक विद्यालय ढावटोल					
१	१३८	११२	२६	५२०।८	१३५४०
सार्वजनिक माध्यमिक विद्यालय लक्ष्मीपुर					
१	१५६	१४०	१६	५२०।८	८३३२
२	१४७	१३०	१७	५५६।८	९४६५
३	१०८	९०	१८	५८०।८	१०४५४
५	११३	९७	१६	६४०।२	१०२४३
६	९७	७७	२०	७१२।८	१४२५६
७	९२	८०	१२	७५२।४	९०२८
१०	५५	३९	१६	९१९।६	१४७१३
लक्ष्मीनाथ जनता आधारभूत विद्यालय चिताइन					
१	७२	६१	११	५२०।८	५७२८
२	४६	३८	८	५५६।८	४४५४
४	५१	२७	२४	६०२।८	१४४६७
हरिहर जनता आधारभूत विद्यालय जानकीनगर					
१	२५	२०	५	५२०।८	२६०४
२	२४	१७	७	५५६।८	३८९७
४	२७	१८	९	६०२।८	५४२५
६	२४	२१	३	७१२।८	२१३८

७	३२	२२	१०	७५२।४	७५२४
				जम्मा	१६८३३३
जनता माध्यमिक विद्यालय हरैया					
कक्षा	इमिस अनुसार	हाजिरी अनुसार	वढी	दर	वढी निकासा
१	९८	५०	४८	५२०।८	२४९९८
५	७४	५३	२१	६४०।२	१३४४४
६	९१	५३	३८	७१२।८	२७०८६
महाविर जनता नमूना माध्यमिक विद्यालय हरिपुर २					
२	५६	४८	८	५५६।८	४४५४
३	७४	६२	१२	५८०।८	६९६९
४	७१	५५	१६	६०२।८	९६४४
५	९५	७५	२०	६४०।२	१२८०४
६	१३८	१११	२७	७१२।८	१९२४५
जनता प्राथमिक विद्यालय जगतपुर					
१	३०	२०	५	५२०।८	२६०४
२	३२	२०	१२	५५६।८	६६८१
३	२६	२२	४	५८०।८	२३२३
५	१५	९	६	६४०।२	३८४१
पाँच कुमार रामअवतार लक्षिया माध्यमिक विद्यालय हजारविघा					
२	२०	१६	४	५५६।८	२२२७
३	३०	२४	६	५८०।८	३४८४
४	४८	४४	४	६०२।८	२४११
५	४५	३७	८	६४०।२	५१२१
६	६७	५९	८	७१२।८	५७०२
				जम्मा	१५३०३८
				कूल जम्मा	३२१३७१

असुल गर्नुपर्ने	३,२१,३७१

७६ **लेखापरिक्षण**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० दफा ५।१ अनुसार १५ वटा विद्यालयलाई वार्षिक रु १५ र २० हजारका दरले आर्थिक लेखापरीक्षण वापतको रकम रु १८०००० निकासा भएको छ।ती मध्ये जनता आधारभूत विद्यालय सखुवा र लक्ष्मीनाथ आधारभूत विद्यालयको मात्र लेखापरीक्षण प्रतिवेदन पेश भएको छ।वाँकी १३ विद्यालयहरुले लेखापरीक्षण गराएको नदेखिएकोले रु १६०००० लेखापरीक्षण गराएको प्रमाण पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **मदरसा विद्यालय**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० दफा ६।२ अन्तर्गत देहायका मदरसा विद्यालयमा अध्ययनरत छात्राहरुका लागि प्रति विद्यार्थी ४०० का दरले ७ वटा विद्यालयलाई रु २४०४०० अनुदान निकासा गरेको छ।सो मध्ये देहायका विद्यालयलाई उपलव्ध गराएको छात्रवृति रकम रु १०७६०० विद्यार्थीले वुझेको भरपाइ पेश नभएको हुदा प्रमाण पेश गर्नुपर्दछ ।

सि नं	विद्यालयको नाम	छात्रा संख्या	निकासा रकम	कैफियत
१	मदरसा रहमानिया गौशिया फरदहवा	२९२	५८४००	भरपाइ पेश नभएको
२	मदरसा असरफिया गरीव नवाज लक्ष्मीपुर	८३	३३२००	भरपाई पेश नभएको
३	मदरसा इमाम अहमद रजा	११२	४४८००	कक्षा १ को १९ जनाको ७६०० र कक्षा २ को १८ जनाको रु ७२०० भरपाइ नभएको ।
४	मदरसा इस्लामिया हरिपुर	४८	१९२००	३ जनाको भरपाइ नभएको १२००

सैद्धान्तिक बेरुजु

७८ **दिवा खाजा**

देहायका विद्यालयहरुवाट प्रमाणित हाजिरी विवरण पेश नभएकोले पालिकाले सम्वन्धित विद्यालयवाट हाजिरी विवरण मगाइ वास्तविक तथ्यांक प्राप्त गरी निकासा दिएको दिवा खाजा वापतको रकम वास्तविक भए नभएको एकिन गर्नु पर्दछ।

सि नं	विद्यालयको नाम
१	जनकल्याण प्राथमिक विद्यालय हरिपुर २
२	श्रवण जनता प्राथमिक विद्यालय हरिपुर ७ पचगछिया
३	लक्ष्मीनाथ आधारभूत विद्यालय हरिपुर ७
४	जनता प्राथमिक विद्यालय हरिपुर ९ ढावटोल
५	राम लगन माध्यमिक विद्यालय हरिपुर ९ पिडारी

सैद्धान्तिक बेरुजु

७९ **विद्यालय व्यवस्थापन सामाग्री**

कार्यक्रम कार्यान्वयन पुस्तिक २०७९।८० को दफा २।२ मा शिक्षण सिकाइ सामाग्री डिजिटल सिकाइ सामाग्रीका लागि प्रति विद्यार्थी वार्षिक ५०० अनुदान दिने व्यवस्था छ।पालिकाले १५ विद्यालयहरुलाई सामाग्री व्यवस्थापनका लागि रु ४०४५०० निकासा दिएको छ ।उक्त निकासा मध्ये देहायका विद्यालयले सामाग्री खरिदको रु ३१७००० को विल भरपाइ पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु

सि नं	विद्यालयको नाम	विद्यार्थी संख्या	निकासा रकम
१	हरिहर जनता आ वि जानकीनगर	२५	१२५००
२	पाँच कुमार रामअवतार लक्षिया मा वि	१७	८५००
३	जनकल्याण प्रा वि हात्तीसार	४६	२३०००
४	जनता मा वि फरदहवा	११५	५७५००
५	सार्वजनिक जनता मा वि लक्ष्मीपुर	५०	२५०००
६	श्रवण जनता प्रा वि पचगछिया	२९	१४५००
७	लक्ष्मीनाथ आधाभूत विद्यालय चिताइन	६६	३३०००
८	ईन्द्रपुर जनता प्रा वि ईन्द्रपुर	२४	१२०००
९	जनता प्रा वि जगतपुर	३१	१५५००
१०	रामलागन मा वि पिडारी	१३५	६७५००
११	जनता प्रा वि ढावटोल	९६	४८०००

		जम्मा	३१७०००

प्रमाण पेश नगरेको	३,१७,०००

८० **छात्राबृति**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० दफा ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकहरुलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम अनुदान दिने व्यवस्था छ।पालिकाले कक्षा १ देखि ८ सम्मका १५ विद्यालयका ४२३९ जना विद्यार्थीलाई वितरण गर्न रु १६९५६०० निकासा दिएको छ।उक्त छात्रवृति पाउने गरी छनोट भएका विद्यार्थीको नाम नामेसी सहितको निर्णय पुस्तिका तथा पालिकाको कार्यक्रम प्रभावकारिता सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१६,९५,६००

८१ **कार्यक्रम संचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्चको औचित्य पुष्टी गर्ने विल भरपाइ तथा कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ।पालिकाले श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गर्न रोजगार सहायक श्री दिपेन्द्र कुमार चौधरीलाई रु ४९२८० भुक्तानी गरेको छ।उक्त कार्यक्रममा सहभागी यातायात खर्च, सहजकर्ताको यातायात खर्च, व्यानर लगायतमा खर्च भएको छ। तर उक्त कार्यक्रमवाट के उपलव्धी प्राप्त भयो सो देखिन आएन। तसर्थ पालिकाले आगामी दिनमा कार्यक्रम गर्दा उत्पादनमुखी तथा औचित्य पुष्टी हुने कार्यक्रममा खर्च गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

८२ **महिला सेविका भत्ता**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च महगी भत्ता र स्थानीय भत्ता वाहेकका प्रोत्साहन भत्ता अतिरिक्त समय काम गरे वापतको भत्ता लगायत कुनै पनि भत्ता प्रदान नगरिने उल्लेख छ।पालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरु ५९ जनालाई गो भौ नं ४९६ मिति २०८०।३।१६ वाट रु ७२०० का दरले रु ४२४८०० भुक्तानी गरेको छ। तसर्थ आगामी दिनमा यस कार्यमा सुधार हुनुपर्छ।

सैद्धान्तिक बेरुजु

८३ **अनुगमन खर्च**

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१.५ मा खर्चमा मितव्ययिता कायम गर्ने व्यवस्था अन्तर्गत अनुगमन गर्दा कामसंग प्रतक्ष्य सम्वन्धित वढीमा ३ जनाको टोली वनाइ अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय वमोजिम कार्यक्रमको अनुगमन गरेको भनी कामसंग सम्वन्धित भन्दा वढी व्यक्तिहरु समावेश गरी अनुगमन खर्च रु ८२७०५ लेखेको हुदा उक्त रकम नियम सम्मत देखिएन रु

भौ नं मिति	कार्यक्रम	विवरण	कर पछिको रकम
१८९। ३।६	प्रधानमन्त्री रोजगार कार्यक्रम	नर्मस अनुसार ३ जनाले पाउनेमा १३ जना सहभागी भएकोले वढी १० जनाको भुक्तानी दिएको रु	५५०८०
१६३। २।१८	हात्ती पाइले विरुद्ध औषधी सेवन	नर्मस अनुसार ३ जनाले मात्र पाउनेमा ८ जना सहभागी भएकोले वढी ५ जनाको भुक्तानी भएको रु	१६१५०
१९४। ३।१२	आमा सुरक्षा तथा प्रजनन स्वास्थ्य	नर्मस अनुसार ३ जनाले मात्र पाउनेमा ७ जना सहभागी भएकोले वढी ४ जनाको ३ पटकको रु	११४७५

		१३५०० असुल गर्ने	
		जम्मा	८२७०५

अनियमित भएको	८२,७०५

८४ **नमर्स भन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिका २०७७ अनुसार सार्वजनिक निकायले कुनै कार्यक्रम संचालन गर्दा कार्यविधिले तोके अनुसारको दरमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका मातहतमा संचालित निम्नानुसारको कार्यक्रमहरुमा तोकीएकी दर भन्दा बढी भुक्तानी भुक्तानी गरी पालिकालाई बढी व्ययभार परेको हुदा उक्त रकम नियम सम्मत देखिएन रु.

गो भौ नं र मिति	कार्यक्रम	यातायात खर्च	यातायात खरच	प्रशिक्षक भत्ता	बढी भुक्तानी
२५४। ०८०।३। २१	सामुदायिक विद्यालय आइ टी स्रोत शिक्षकको तालिम	अनुगमन भत्ता बापत ४ जनालाई २ दिनको १२०० का दरले र २ जनालाई १ दिनको १२०० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु १२००	१४ जनालाई ५ दिनको ५०० का दरले यातायात खर्च बढी भक्तानी २८०००	२ जना प्रशिक्षकलाई कार्यपत्र पेश नगरीकनै २० सेसनको १२०० का दरले भुक्तानी दिएको	५३२००
२३०। ०८०।३। १९	बुस्टर खोप संचालन व्यवस्थापन	पालिका स्तरीय सुपरभिजनमा १० जनालाई १३ दिनको रु १००० का दरले सुपरभिजन चेकलिष्ट बेगर भुक्तानी दिई ७ जनाको बढी भुक्तानी रु ९१०००			९१०००
जम्मा					१४४२००

अनियमित भएको	१,४४,२००

८५ कार्यक्रम संचालन

नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१ मा खर्चको मापदण्ड तथा तालिम गोष्ठी कार्यशाला संचालन गर्दा पालना गर्नु पर्ने नर्मसको वारेमा उल्लेख गरिएको छ। पालिकाले विभिन्न कार्यक्रम संचालन गर्दा उक्त मापदण्ड अनुसार गर्नुपर्नेमा सो भन्दा फरक अथवा वढी दरले भुक्तानी दिएको देखियो । तसर्थ निर्देशिका तथा कार्यविधि भन्दा फरक गरी वढी रु ८३५७५ भुक्तानी दिई अनियमित भएको रु

भौ नं मिति	कार्यक्रमको नाम	विवरण	कर कट्टा पछिको रकम
१२४। १२। ३०	क्षयरोग खोज पड्ताल	वलिराम यादवलाई मलंगवादेखि हरिपुर सम्म १६ कि मी भित्र दै भ्र भ	४०००
१२८। १।५	पोषण समिक्षा	नवल किशोर रायले २ दिनको प्रशिक्षण वापत रु १४०० ले २८०० भुक्तानी निजको कार्यपत्र वापत रु ८०० मात्र पाउने भएकोले रु २००० वढी भुक्तानी	१७००
१४८। २।९	वन्ध्याकरण शिविर	राम नरेश ठाकुरलाई प्रशिक्षण वापत ४२०० दिएकोमा कार्यपत्र पेश नभएकोले असुल गर्ने रु	३५७०
		अनिल कुमार चौधरीले प्रशिक्षण भत्ता नपाउने र कार्यपत्र पनि पेश नभएकोले असुल गर्ने रु १४००	११९०
		राम नरेश	११९०

		ठाकुरले प्रशिक्षण भत्ता नपाउने र कार्यपत्र पनि पेश नभएको रु १४००	
		नवल किशोर राय प्रशिक्षण भत्ता नपाउने र कार्यपत्र पनि पेश नभएको रु १४००	११९०
१५४। २।११	आयोडिन सम्वन्धी	नवल किशोर रायले प्रशिक्षण वापतको रु ७०० नपाउने	५९५
		शत्रुधन यादवले फिल्ड भत्ता खाइरहेकोमा यातायात खर्च नपाउने रु १०००	१०००
		मिनु कुमारी सिंहले फिल्ड भत्ता खाइरहेकोमा यातायात खर्च नपाउने रु १०००	१०००
१६२। २।१८	ईम्प्लाण्ट तालिम	राम नरेश ठाकुर जनकपुर भ्रमण गर्दा आतेजाते वस भाडा रु ५०० लाग्नेमा रु १५०० लिएकोले वढी रु १०००	१०००

		दिपेन्द्र कुमार मल्लिक प्रशिक्षण नपाउने रु ७००	५९५
		सुरेन्द्र पंडित प्रशिक्षण नपाउने रु ७००	५९५
	हात्तीपाइले रोग विरुद्धऔषधी सेवन	राम नरेश ठाकुर प्रशिक्षण भत्ता नपाउने रु १०००	८५०
		रसिलाल राय यादव प्रशिक्षण भत्ता रु १४००	११९०
		रञ्जु कुमारी यादव प्रशिक्षण रु १४००	११९०
१६३।२।१८	वहुनिकाय गोष्ठी	सहजकर्ता २ जना राख्ने व्यवस्था भएकोमा ३ जना राखी राम नरेश ठाकुरलाई रु १००० वढी खर्च	११९०
		सहजकर्ता २ जना राख्नुपर्नेमा ३ जना राखी राम नरेश ठाकुरलाई वढी भुक्तानी ७००	५९५
		दिपेन्द्र कुमार मल्लिक ७ दिनको ७०० का दरले	४१६५

		कार्यपत्र पेश नगरेको रु ४९००	
		विजय राय यादव ७ दिनको प्रशिक्षणमा ७०० का दरले कार्यपत्र पेश नगरेकोले असुल गर्ने रु ४९००	४१६५
		राम शरण राय ५ दिन ७०० का दरले प्रशिक्षणमा कार्यपत्र पेश नगरेकोले असुल गर्ने रु ३५००	२९७५
	समुदायस्तरीय स्वंयसेविका अभिमुखिकरण तालिम	महेन्द्र प्रसाद साह ६ दिन प्रशिक्षण रु ७०० का दरले रु ४२०० नपाउने	३५७०
		प्रशिक्षक नवल किशोर रायलाई प्रशिक्षण वापत १० सेसनको रु१४००० भुक्तानी गरेकोमा प्रशिक्षण वापतको रकम रु ६०० का दरले १० सेसनको	५१००

		रु ६००० नपाउने	
	न्यूतम सेवा मापदण्ड		
१८३। २।३२			
	स्वयंसेविकाको व्यवहार परिवर्तन	नवल किशोर राय १ दिनको प्रशिक्षण वापत रु १४००	११९०
१८५। ३।४		दिपक भण्डारीलाई १ दिनको प्रशिक्षण वापत रु १४०० दिएकोमा कार्यपत्र पेश नभएको रु	६८०
१८८। ३।६	पोषिलो खाना प्रवर्द्धन	नवल किशोर रायलाई प्रशिक्षण भत्ता वापत २ सेसनको रु २८०० दिएको	२३८०
१९३। ३।१२	स्वास्थ्य सम्वन्धी अभिमुखीकरण	महोतरीका डा सुदिप यादवलाई २।५ दिनको रु ३६०० भुक्तानी गरिसकेपछि यातायात खर्च रु ३००० दिएको	३०००
		नवल किशोर रायलाई कार्यपत्रवापत रु ८०० पाउनेमा	१२००

		रु २००० भुक्तानी	
		नवल किशोर रायलाई प्रशिक्षण वापत रु १४०० भुक्तानी गरी सकेपछि सहजकर्ता पारिश्रमिक भनी २ सेसनको रु ३००० भुक्तानी गरेकोमा दोहोरो परेको	२५५०
१९४।३।१२	आमा सुरक्षा र प्रजनन स्वास्थ्य	राम नरेश ठाकुरले २ दिनको अनुगमन भत्ता पाउनेमा ६ दिनको लिएकोले रु ४००० वढी भुक्तानी	३४००
		सहभागी भत्ता रु ७०० का दरले भुक्तानी गर्नुपर्नेमा ७ जनालाई रु १००० दरले दिएकोले वढी भुक्तानी भएको रु २१००	२१००
	कोभिड १९ लगायत आर आर टी अभिमुखीकरण		
१९६।३।१२		कार्यक्रममा भत्ता नवुझेका ४ जना सहभागीहरुलाई रु २८०० खर्च लेखेकोमा उक्त	२३८०

		रकम राम नरेश ठाकुरवाट असुल गर्नुपर्ने रु	
१९८। ३।१२	क्षयरोगको दोस्रो अर्धवार्षिक समिक्षा गोष्ठी	वलिराम यादवलाई सहभागी भत्ता रु ७०० दिनु पर्नेमा ४००० दिएकोले वढी रु ३३००	२८०५
		ईटिवी रजिष्टर अद्यावधिक गर्ने काममा श्याम कुमार महत्तो लगायत ६ जनालाई रु २०० का दरले यातायात खर्च दिनुपर्नेमा ५०० का दरले दिएकोले वढी भुक्तानी रु १८००	१८००
२०६। ३।१५	वर्डफ्लू र जुनोसिस रोग नियन्त्रण	प्रशिक्षक अनिल कुमार चौधरीलाई प्रशिक्षक भत्ता वापत रु १००० दिएकोमा नपाउने	८५०
		जम्मा	६६९५०

अनियमित भएको	८३,५७५

८६ खाद्य सुरक्षा समिति

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७७ को दफा ७.१.५ मा कानून वमोजिम गठन भएको समिति वा संचालक समितिको वैठकको लागि कार्यालय समय वाहेकको समयमा सम्पन्न वैठकको लागि मात्र वैठक भत्ता दिन सकिने व्यवस्था छ। पालिकाले वडास्तरीय तथा खाद्य सुरक्षा निर्देशक समितिको वैठकको खर्च पोषण सहजकर्ता नागेन्द्र रामको रु ७२००० गो भौ नं २०० मिति २०८०।३।१६ वाट पे. फ. गरेको छ। पोषण तथा खाद्य सुरक्षा समिति कानूनद्वारा गठित समिति नभएकोमा पनि सो वैठकमा वडा नं १ देखि वडा नं ९ सम्म ९ जनालाई रु ५९५० का दरले रु ५३८६५ भुक्तानी भएको छ। तसर्थ निर्देशिका विपरित खर्च लेखेको वैठक भत्ता वापतको रकममा रु ८०७९ कर कट्टा गरी पोषण सहजकर्ता श्री नागेन्द्ररामलाई रु ४५७८५ भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु .

अनियमित भएको	४५,७८५

८७ शिक्षक नियुक्ति

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार दफा २.८.११ अनुसार नियुक्त भएका अंग्रेजी गणित विज्ञान विषयमा शिक्षण सहयोग अनुदान प्राप्त गरेका देहाय वमोजिमका शिक्षकहरुलाई मासिक ३७९९० का दरले १२ महिनाको पारिश्रमिक अनुदान दिने व्यवस्था छ । सो अनुसार निजहरुलाई पारिश्रमिक वापत निकासा दिएको रकम रु ९११७६० को भरपाई तथा नियुक्ती पत्र पेश गर्नु पर्ने रु

सि नं	विद्यालयको नाम	शिक्षकको नाम	निकासा रकम
१	पाँचकुमार रामअवतार लक्षिया मा वि	पृथ्वीराज गोले	४५५८८०
२	जनता माध्यमिक विद्यालय हरैया	जितेन्द्र कुमार चौधरी	४५५८८०
		जम्मा	९११७६०

प्रमाण पेश नगरेको	९,११,७६०

८८ सेनिटरी प्याड खरिद

८८.१ सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । पालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. २७५।०८०।३।२३ बाट मर्म इन्टरप्राईजेज लाई रु. १९८९९६३ भुक्तानी

दिएको छ।आ.व. को अन्त्यमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्वेश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन । साथै उक्त सामाग्रीहरु सवै पालिकाले एकमुष्ट विद्यालयलाई वितरण गरेको भरपाई पेश गरेको हुदा सहि सदुपयोग भए नभएको पालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८८.२ पालिकाले कार्यविधि अनुसार ६ कक्षा भन्दा माथीको छात्रा विद्यार्थिहरुलाई प्याड उपलव्ध गराउनुपर्नेमा कक्षा ५ का छात्रा समेत इमिस रिपोर्टको आधारमा रकम भुक्तानी भएको हुदा आगामी दिन ६ कक्षा भन्दा तल कक्षामा रजस्वला भएका छात्रा हरुको संख्या यकिन गरी सेनिटरी प्याड वितरण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८८.३ पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **तलव भत्ता निकासा**

पालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी व्यवस्थित गरी राख्नु पर्नेमा सो गरेको देखिएन।

सैद्धान्तिक बेरुजु

९० **प्रमाण कागजातः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले कुनै पनि सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्ने र सो को आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयमा अनुदान बापतको रकम विना प्रमाण कागजात सिधै भुक्तानी दिने गरेको देखियो । पालिकाले कुनै पनि अनुदानमा प्राप्त रकम विद्यालयको खातामा सिधै बजेट खर्च लेखि भुक्तानी दिदा उक्त रकम सहि सदुपयोग भएको वा नभएको यकिन गर्न नसकिने भएकोले पेश्की रुपमा अनुदान उपलव्ध गराई सो को विल भरपाई र अन्य विवरण प्राप्त भएपछि मात्र बजेट खर्च लेख्नुपर्ने सो गरेको देखिएन। आगामी दिनमा विल भरपाई पेश गरेर मात्र अनुदान रकम भुक्तानीमा बजेट खर्च लेख्नुपर्दछ र पालिकाले निम्नानुसार विद्यालयलाई सिधै उपलव्ध गराएको निम्नानुसारको अनुदान रकमको आवस्यक विल भरपाई पेश गर्नुपर्ने रु

गो भौ नं र मिति	विद्यालयको नाम	अनुदानको किसिम	भुक्तानी रकम
१३।०८०।३।२१	लक्ष्मी नाथ जनता आ वि र रामलगत मा वि	विद्यालय कक्षाकोठा निर्माण	४७२५०००
१२।०८०।०३।२१	२ वटा विद्यालय	IT ल्याव स्थापना	१३०००००
	जम्मा		६०२५०००

प्रमाण पेश नगरेको	६०,२५,०००

९१ **उज्यालो अभियान कार्यक्रम:**

नेपालको संविधान अनुसार सरकारका तिनै तहले सहकार्य तथा सहअस्थित्वको भावना अनुसार कार्य गर्नुपर्ने व्यवस्था रहेको छ। विद्युतिकरण जस्तो केन्द्रिय सरकारको कार्यक्षेत्रमा समेत पालिकाले केन्द्रिय सरकारसँग पालिकाले समन्वय गरी बृहत अध्ययन गरेर मात्र विद्युतिकरण कार्यक्रम संचालन गर्नुपर्नेमा विभिन्न वडाले उज्यालो अभियान कार्यक्रमको लागि बजेट विनियोजन गरी खर्च गरेको छ । आगामी दिनमा यस प्रकारको कार्यमा समन्वय गरी मितव्ययी तवरले खरिद प्रतिष्पर्धा अनुसार खरिद कार्य गर्नुपर्दछ ।

गो भौ नं र मिति	योजनाको नाम	वडा नं	रकम
४५३।०८०।२।२६	विद्युतिकरण	२ रिया कन्ट्रक्सन	६४४९६८
४४१।०७९।८।२९	विद्युतिकरण	२ अजित विजुली पसल	४९३९८१
२४०।०८०।२।२६		२ रिया कन्ट्रक्सन	२०००००
२९।०७९।८।१३		वडा ७ संगम जनरल स्टोर्स	३९६४८५
३५८।०८०।३।२४	विद्युतिकरण	वडा ७, ८ र ९ मा सुसान्त मेशिनरी टुल्स	७४७२२३
३३।०७९।८।२९	वडा भरी विद्युतिकरण	वडा ८ मा जानकी इलेक्ट्रिकल्स	४९८१०४

सैद्धान्तिक बेरुजु

९२ **जटिल संरचना:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि

नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो. भौ. नं.	उपभोक्ता समिति	भूक्तानी रकम	कार्य
२२	खानेपानी ह्याण्डपाइप जडान कार्य उ. स. हरिपुर-३	११७२११६	ह्याण्डपाइम
७१	राम दुलारको घर देखि नहर सम्म सडक ढलान उ.स. हरिपुर न.पा.-८, जुटपानी	३८८०००	सडक ढलान
७४	अमिन-मंजुर सडक ढलान उ.स. हरिपुर न.पा.-५,सर्लाही	६७९०००	सडक ढलान
७८	खरबना चौरी कल्भर्ट निर्माण उ.स. हरिपुर नपा ५	१४५५००	सडक ढलान
७९	रामवावु र जोगिन्द्रको घर छेउ वाटो ढलान उ स हरिपुर न पा ८ सर्लाही	२१८२५०	सडक ढलान
३५	लठठा टोल कल्भर्ट निर्माण उपभोत्ता समिति हरिपुर न पा वडा न १	२५०००००	कल्भर्ट निर्माण
९५	सामुदायिक भवन निर्माण उ.स. हरिपुर न.पा.-१, सर्लाही	४८११६३	भवन निर्माण
९८	भिम वहादुरको घर देखी पिच सम्म ढलान इन्द्रपुर	६७९०००	भवन निर्माण
९९	जम्माकछडिया टोलमा अधुरो धर्मशाला निर्माण उ.स. हरिपुर-७	२,२४,०३७.२५	धर्मशाला निर्माण
४०	रामसेवक साहको घर देखी राम नगिना साहको घर सम्म सडक ढलान उ स हरिपुर ९	२८४८९८	सडक ढलान
१०४	आशनारायणको घर देखि ब्रहमस्थान सडक ढलान उ.स. हरिपुर नपा-८,सर्लाही	२,३५,६२८.७१	सडक ढलान
१०६	मुखा-कुलो सडक ढलान उ.स. हरिपुर न.पा.५	२,८२,१९६.४२	सडक ढलान
१०७	इजरायल-अरुण सडक ढलान उ.स. हरिपुर न.पा.-४,सर्लाही	२,९१,०००.००	सडक ढलान
११२	सुनिल चौधरीको घर देखी छठु साहको घरसम्म सडक ढलान कार्य उ स हरिपुर न पा ९ पिडारी सर्लाही	४,३६,०६२.४०	सडक ढलान
११४	नयाँ खोला पारी ड्याम कलभर्ट निर्माण उ स हरिपुर २	९,४७,०७३.२४	सडक ढलान

सैद्धान्तिक बेरुजु

९३ **खानेपानी ड्यान्डपाइप जडान:**

पालिकाले वडा नं ३ खानेपानी ड्याण्डपाईप जडान कार्यको लागि रु १५२३९५८।४९ को लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई कार्यादेश दिएकोमा ३९ वटा खानेपानी पाइप जडान गरेको भनी गो भौ नं २२।०७९।७।४ बाट रु

१३१५३५८।११ मा जनश्रमदानको अंश कट्टा गरी रु ११७२११६।१२ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई उपभोक्ता समितिको अपनत्व हुने श्रममुलक योजना जसलाई निर्माण गर्नको लागि जटिल तथा हेभी इक्युपमेन्ट आवस्यक नपर्ने योजनामात्र उपभोक्ता समितिबाट निर्माण गराउनुपर्नेमा ह्यान्डपाईप जडान जस्तो जटिल कार्य समेत उपभोक्त समितिबाट निर्माण गरेको हुदा उक्त कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

ख) सार्वजनिक खरिद नियमावली २०६४ अनुसार उपभोक्ता समितिलाई नापी किताव को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालकाले ३२ वटा पाइपको लागि ५६४७ फिट लामो खाल्डो खनेकोमा पाइप ५६४७ फिट (पाइपको विल ५३७४ फिट मात्र पेश भएको) र फिल्टर ३ फिटको ३२ वटाको २९ मिटर गरी पाइप तथा फिल्टरको कुल ५४५० मिटर भएकोमा पाइप भएकोमा पाइप भन्दा बढी (२२४ फिट)६९ मिटर को ५०० को दरले बढी खाल्डो खने बापतको रकम भुक्तानी भएकोमा उक्त रकम दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३४,१३५

९४ विउ वितरण:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा प्रयाप्त विल भरपाई पेश भए नभएको तथा प्रचलित कानून अनुसार भए नभएको एकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको भौचर नं बाट अनुदान बापत विभिन्न प्रजातीको बिँउ बितरण गरेको श्रेष्ता पेश गरी रकम भुक्तानी भएकोमा पालिकाले उक्त वितरण भएको विउ को उचित प्रयोग भए नभएको बारेमा अनुगमन गरी त्यसको सहि सदुपयोगमा सहयोग गर्नुपर्नेमा सो गरेको नदेखिएको हुदा उक्त कार्य गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

गो भौ नं र मिति	विवरण	लाभग्राही	भुक्तानी रकम
५१।०७९।९।२८	च्याउको विउ वितरण		५२८०८
११८।०७९।११।१७	तरकारी विउ वितरण	८०० परिवार	२०००००
३३४।०८०।३।२३	विद्युतिय मोटर र स्पेर खरिद		४९६०६४
१२६।०८०।१।४	खाध्यान्न बाली को उन्नत वि वितरण		१४४८७००

सैद्धान्तिक बेरुजु

९५ कालोपत्रे:

९५.१ पालिकाले वडा नं. वडा नं. ३ फरहदवा स्कुल चौक देखि दक्षिण सडक कालो पत्रे सडक कालोपत्र को लागि अमृता कन्ट्रक्सनलाई गो भौ नं ३६५।०८०।३।२४ बाट रु १९८२८६६।५० र हरिपुर नगरपालिका वडा नं. ७ लागत

सहभागितामा ट्रान्सफर देखि दक्षिण जाने सडक कालोपत्रे कार्यको लागि गो भौ नं ३६३।०८०।३।२४ बाट रु १०७३३३०।९३ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

सैद्धान्तिक बेरुजु

९५. सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ प्रिमिक्समा ०.२ सि एम को दरले भुक्तानी दिनुपर्नेमा व्यवस्था रहेकोमा पालिकाले सडक कालोपत्रे कार्यमा प्रिमिक्समा ०.३ सि एम का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

भुक्तानी भएको आइटम	भुक्तानी परिमाण	भुक्तानी हुनुपर्ने परिमाण	दर	बढी भुक्तानी
प्रिमिक्स	५२.१४	३४.७६	६०००	१०४२८०
प्रिमिक्स	७०.९५	४७.३	६०००	१४१९००
जम्मा				२४६१८०

असुल गर्नुपर्ने	२,४६,१८०

९६ **परामर्श सेवा:**

९६.१ सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

गो भौ नं र मिति	कार्य	परामर्शदाता	भुक्तानी रकम
३१५।०८०।३।२२	वृत चित्र निर्माण	ह्वाइट मिडिया हाउस	२९७१९०
१८।०७९।६।१३	बृत चित्र निर्माण	सूर्योदय टिभि एण्ड मिडिया प्रा लि	३५००००
५५३।०८०।०२।०२	MTEF तयारी	ग्लोवल भिजन कन्सल्टेन्सी प्रा लि	४९१५८०
३९२।१।२१	O AND M सर्वे	सिमखडा रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर	४९७२००
६०२।३।२४	IEE REPORT	B M ईन्जिनियरिङ्ग सोलुसन प्रा लि	४७१२१०
५५३।३।२२	MTEF	ग्लोबल भिजन कन्सलटिङ्ग प्र लि	४९१५५०
५७४।३।२३	भूमि ऐन निर्माण	आँखी झ्याल रिसर्च हब प्रा. ली .	९९७७९०

सैद्धान्तिक बेरुजु

९६.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९६.३ परामर्शत दातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९६.४ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९६.५ सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९७ **सुरक्षित नागरिक आवास कार्यक्रम:**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ अनुसार गरिवि रेखामुनि रहेका तथा प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्तापाता तथा काठ खरिद गर्नको लागि र गरिविको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने उद्देश्यको साथ गरिवि पहिचान भएका परिवारलाई २ किस्ता मा जम्मा ५०००० हजार उपलव्ध गराउने व्यवस्था रहेको छ। पालिकाले आफ्ना क्षेत्रमा रहेका गरिवि तथा प्रकोपबाट घरवार विहिन भएका तथा खर तथा परालको छानामुनि बस्न बाँध्य भएका जनता भनी प्रथम किस्ता बापत गत विगत बर्षनै भुक्तानी भईसकेको अवस्थामा यस आ व २ वटा गो भौ नं दोस्रो तथा अन्तिम किस्ता बापत भुक्तानी गर्दा पेश गरेको श्रेष्ता मा अधिकांश पक्की घर भएका परिवारलाई गोठ, पाली तथा अन्य संरचनालाई जस्ता

पाता खरिद खरिद गरी काठ खरिद गरी व्यवस्थित रुपमा जस्तापाता छाउनुपर्नेमा सो नगरी कामचलाउ घर भन्दा अन्य संरचनामा जस्तापाता प्रयोग गरेको आधारमा रकम भुक्तानी भएको हुदा निम्ननुसार भुक्तानी भएको रकमको छानविन गरी वास्तविक रुपमा गरिवि हुन वा होइनन् सो कुराको प्रमाण पेश गर्नुपर्ने रु

गो मौ नं र मिति	वडा नं र लाभग्राही	भुक्तानी रकम
५।०७९।१२।२०	वडा नं १ का १३ घरपरिवारलाई प्रति घर रु २०००० का दरले	२६००००
६।०७९।१२।२०	वडा नं ४ र ९ का ५२ घरपरिवारलाई प्रति घर रु २०००० का दरले	१०४००००
जम्मा		१३०००००

प्रमाण पेश नगरेको	१३,००,०००

९८ औषधी खरिदः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ अनुसार सार्वजनिक निकायले ४० लाख भन्दा बढीको लागत अनुमान भएको औषधी खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै नियमावलीको निमय १० अनुसार सार्वजनिक निकायले बार्षिक १० लाख भन्दा बढीको खरिद कार्य गर्न खरिद योजना तयार गरी सोहि अनुसारको खरिद कार्य गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सो व्यवस्था विपरित हुने टुक्रा टुक्रा पारी औषधी खरिद गरी नियम विपरित हुने गरी रकम भुक्तानी गरेकोले आगामी दिनमा खरिद योजना तयार गरी सोहि अनुसार खरिद गरी खरिद कार्यलाई मितव्ययी र प्रतिष्पर्धी बनाउनुपर्दछ ।

गो भौ नं र मिति	विवरण	सप्लायर्सको नाम	भुक्तानी रकम
३६१।०८०।३।२४	पालिका भरीको जेष्ठ नागरिकको उपचार्थ औषधी खरिद	एम स्कुवायर मल्टि प्रपोज कम्पनी	१७९९६२५
१११।०७९।११।१६	पालिका भरीको जेष्ठ नागरिकको उपचार्थ औषधी खरिद	एस मेडिकेयर प्रा लि	९८९८८
जम्मा			१८९८६१३

यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन् ।

- पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।
- आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।

- आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १.८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले माथी उल्लेखित फर्मसँग रु १८९८६१३ को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन। जसले गर्दा पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा २० लाख रुपैया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा सेवा खरिद गर्दा खुला वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय वमोजिम औषधीजन्य सामाग्री सोझै खरिद गरी रु २२८७९८८ भुक्तानी गरेको छ।तसर्थ नियमावलीमा भएको व्यवस्था अनुसार खरिद कार्य गर्नु पर्दछ।

भौ नं मिति	आपूर्तिकर्ताको नाम ठेगाना	भुक्तानी रकम
५९।०७९।९।२५	पाथीभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा लि काठमाडौ	४८८२३५
१२९।०८०।१।६	मुक्तिनाथ मेडिको फर्मा ललितपुर	१७९९७५३
	जम्मा	२२८७९८८

सैद्धान्तिक बेरुजु

१००**अनुगमन खर्च:**

अर्थ मन्त्रालयद्धारा जारी कार्यसंचालन निर्देशिका २०७५ को बुदा नं ७.१.५ अनुसार सार्वजनिक निकायले कुनै पनि कार्यक्रम संचालन को क्रममा अनुगमन टोली खटाउदा उक्त कार्यक्रमसँग प्रत्यक्ष संलग्न कर्मचारीको मात्रको बढीमा ३ जना सम्मको टोली बनाई अनुगमन गर्ने र तोकिए बमोजिमको अनुगमन प्रतिवेदन चेकलिष्ट तयार गरेको आधारमा मात्र कानूनद्धारा तोकिए अनुसार मात्र अनुगमन भत्ता दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले उख्खु पकेट कार्यक्रममा स्यालो ट्यूवेल जडान गरे बापत अनुगमन भत्ता भनी उक्त कार्यसँग सम्वन्धित कर्मचारीबाहेकका ११ जना मध्ये २ जना लाई ३ दिनको दैनिक रु २०००, ५ जनालाई ३ दिनको प्रति दिन रु १६०० का दर र ४ जनालाई ३ दिनको १२०० का दरले गो भौ नं १७।०८०।३।२४ बाट रु ५०४०० मध्ये कर बाहेको रु ४२८४० निर्दर्शिका विपरित भएको रु .

अनियमित भएको	४२,८४०

१०१**ल्याव टेष्ट:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च विल भरपाई संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ६६।०७९।११ बाट वडा नं ७

पछगहियामा नाला निर्माण कार्यको प्राइम कम्पनी प्रा लि ६६१८७५ भुक्तानी दिएकोमा ल्याव टेष्ट बापत रु १०००० भुक्तानी दिएकोमा विल तथा ल्याव टेष्टको विल संलग्न नरहेको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१०,०००

१०२**व्यक्तिगत घटना दर्ता शिविरः**

पालिकाले व्यक्तिगत घटना दर्ता कार्यको डिजिटाइजेसन कार्यको लागि डिजिटाइजेसन कार्य गरेको भनी बाल संरक्षण संस्था लालबन्दीलाई लाई गो भौ नं २०७।०८०।२।११ बाट रु.३९६७३७ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क)सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायले कुनै पनि व्यक्ति संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न को लागि सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र परामर्शदाताबाट गराउनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले व्यक्तिगत घटनादर्ता कार्यको डिजिटाइजेसन कार्यको लागि कार्यक्षेत्र नै नपर्ने बाल संरक्षण संस्था लालबन्दी लाई कार्य गर्नको लागि कार्यदेश दिएकोमा परामर्शदाताबाट उक्त परामर्शदाताको कार्यक्षेत्र बाहिरको कार्य बाह्य NGO बाट गराई अनियमित भएको रु

अनियमित भएको	३,९६,७३७

१०३**अभिमुखिकरण कार्य:**

पालिकाले वडा नं २ मा दलित बस्तीका कृषि समुहको सामुहिक लहरे तरकारी खेती अभिमुखिकरण कार्यक्रम को लागि श्री उन्नती महिला कृषक समुहले २ दिने कार्यक्रम संचालन गरे बापत गो भौ नं २४८।०८०।३।१ बाट रु ५०००० भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क)अर्थ मन्त्रालय द्धारा जारी कार्यसंचालन निर्देशिका २०७५ अनुसार २ दिने कार्यक्रममा २०० का दरले सहभागीलाई यातायात खर्च बापत भुक्तानी दिनुपर्नेमा २९ जनालाई प्रति दिन रु ५०० का दरले २ दिनको १००० भुक्तानी दिई प्रति सहभागी रु ८०० का दरले भुक्तानी दिएकोमा आगामी दिनमा यस कार्यमा सुधार गर्नुपर्छ।

ख)आन्तरिक प्रशिक्षकलाई प्रति सेसन कार्यपत्र तयार गरे बापत रु ८०० का दरले भुक्तानी दिनुपर्नेमा १२५० का दरले भुक्तानी दिई बढी भुक्तानी दिएकोमा आगामी दिनमा यस कार्यमा सुधार गर्नुपर्छ।

सैद्धान्तिक बेरुजु

१०४**सहकारी भवन निर्माण:**

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार सार्वजनिक निकायले नाफामुलक संस्थालाई अनुदान बापतको रकम भुक्तानी दिन नहुने उल्लेख रहेको छ ।पालिकाले साना किसान सहकारी भवन निर्माणको लागि लागत साझेदारीमा रु ४० लाखको लागत अनुमान तयार गरी त्यसको ५० प्रतिशत हुने रकम रु २० लाख पालिकाबाट दाखिला भएको छ । नाफामुलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०५**स्वास्थ्य बिमा विउ पूँजि:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले जुन कार्यको लागि बजेट विनियोजन भएको उहि कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले स्वास्थ्य विमा कार्यक्रमको लागि विनियोजन

भएको बजेट बाट स्वास्थ्य चौकीको विभिन्न सामाग्री खरिद गरेको भनी भुक्तानी दिई अनियमित भएको रु

गो भौ नं र मिति	विवरण	भुक्तानी पाउने पक्ष	रकम
११०।०७९।११।१६	दिर्धरोधिलाई मासिक सहायता रकम भुक्तानी	विभिन्न १३ जना	२३५०००
२६९।०८०।३।१८	PHC सभाहल मर्मत	प्रा स्वा के हरिपुर	३१३५४८.१३
३१७।०८०।३।२२	कम्पुटर तथा अन्य सामाग्री खरिद	ए आर वि इन्फोसिस	९४५७८
३३५।०८०।३।२३	प्रिन्टर तथा अन्य सामाग्री खरिद	लक्की प्रिन्टर	९९९३७
जम्मा			७४३०८३.१३

अनियमित भएको	७,४३,०८३.१३

१०६**माटो शिविर:**

पालिकाले वडा नं १ देखि ९ सम्म माटो शिविर परिक्षण संचालन कार्यक्रम संचालन गरेको आधारमा राम नरेश मण्डललाई गो भौ नं २६२।०८०।३।१२ बाट रु ८७४५० भुक्तानी दिएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७५ अनुसार आन्तरिक प्रशिक्षकलाई प्रति कक्षा कार्यपत्र तयारी बापत रु ८०० का दरले भुक्तानी दिनुपर्नेमा राम नरेश मण्डललाई ९ वटा सेसनको प्रति सेसन १६०० का दर र अम्विका मैनालीलाई ९ सेसनको प्रति सेसन रु १२०० का दरले निर्देशिका विपरित भुक्तानी भएको रु १०८०० नियम सम्मत देखिएन रु

क) २ जना आन्तरिक प्रशिक्षकलाई कार्यपत्र पेश नगरीकनै ९ । ९ सेसन प्रशिक्षण गरेको भनी रु १४४०० भुक्तानी भएको छ। निर्देशिका विपरित भुक्तानी भएको रकम नियम सम्मत देखिएन रु.

अनियमित भएको	२५,२००

१०७**अधुरो रामजानकी मठ गेट निर्माण:**

पालिकाले अधुरो राम जानकी मठ मन्दिर निर्माण कार्यको राम जानकी मठ गेट निर्माण उस सँग निर्माण लाई कार्यदेश दिएकोमा निरम्ण कार्य सम्पन्न भई गो भौ नं ३०८।०८०।३।२२ बाट रु १०६१८४६.८५ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको अपनत्व हुने श्रममुलक कार्यलाई मात्र उपभोक्ता समितिबाट कार्य गराउनुपर्नेमा मन्दिरको बाल जस्तो कार्यपनि उपभोक्ता समितिबाट कार्य गराएको हुदा आगामी दिनमा यस कार्यमा सुधार गर्नुपर्दछ ।

फलाम र ग्रिल निर्माण बापत क्रमस: ६८०२६ र ५८५३३ गरी कुल रु १२६५५९ बाबा विश्वकर्मा स: मिल तथा फर्निचर उद्योग को विलको आधामा भुक्तानी भएको हुदा उक्त कार्यको विल पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,२६,५५९

१०८**साझेदारी कार्यक्रम संचालन:**

पालिकाले साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि लधु उद्दम सहकारी संस्था सँग सम्झौता भएकोमा हरिपुर सामाजिक उद्यमी संस्थाको सहकारीको भवन निर्माण भएको भनी गो भौ नं ३३३।०८०।३।२३ बाट रु ४७०००० भुक्तानी भएको छ । कार्यक्रमको लक्ष्य विपरित खर्च लेखी अनियमित भएको रु

अनियमित भएको	४,७०,०००

१०९**विद्यालय भवन:**

सार्वजनिक खरिद नियमवली २०६३ अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार उल्लेखित विधि अनुसार निर्माण कार्य गर्नुपर्नेमा विद्यालयलाई रकम उपलव्ध गराएकोमा विद्यालयले व्यवस्थापन समितिले निर्माण कार्य गरेको भनी भुक्तानी भएकोमा विद्यालय व्यवस्थापनले कुन विधि बाट कार्य भएको हो साथै उक्त निर्मित संरचनाको क्वालिटि टेष्ट भएको छैन साथै संघीय बजेट अनुसार विद्यालयको संरचनामात्र निर्माण भएको तथा उक्त विद्यालयको फिनिसिङ्ग कार्य गर्न समेत पालिका वा संघको बजेटकै भर पर्नुपर्नेमा विद्यालय व्यवस्थापन समितिबाट कुनै पनि योगदान नहुने र विद्यालय व्यवस्थापन समितिको कार्यक्षेत्र समेत शिक्षा क्षेत्रको सुधार रहेकोले यस्ता निर्माण कार्यमा विद्यालय व्यवस्थापन समिति भन्दा साधन सम्पन्न तथा कर्मचारी उपलव्ध भएको पालिकाले नै निश्पक्ष र मितव्ययी तथा प्रतिष्पर्धि हुने गरी खरिद प्रकृया अपनाउनुपर्ने देखिएको हुदा आगामी दिनमा विद्यालय भवन निर्माण जस्तो जटिल कार्य विद्यालय व्यवस्थापन बाट समितिबाट निर्माण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

गो भौ नं र मिति	विद्यालयको नाम	विवरण	भुक्तानी रकम
८।०८०।१।१७	लक्ष्मिनारायण जनता आ वी	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	६७५०००
९।०८०।१।१७	राम लगन मा वि	विधालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन	१३५००००
१३।०८०।३।२१	२ वटा विद्यालय	विधालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन	४७२५०००

सैद्धान्तिक बेरुजु

११०**लक्षित समुह कार्यक्रम संचालन:**

पालिकाले दलित तथा पिछडा बर्गलाई घरेलु व्यवसाय प्रबर्दन कार्यक्रम संचालन गर्नको लागि रु ४२१९४० को लागत अनुमान तयार गरी एक्सन नेपाल संस्था छनौट गरी उक्त समुहबाट विभिन्न सामुदायलाइ घरेलु व्यवसाय प्रबर्द्धन कार्यक्रम संचालन गरि सम्पन्न गरेको भनी गो भौ नं ३३६।०७९।३।२३ बाट रु ४१९१५० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गर्ने कर्मचारी हुदा हदै पनि उक्त कुराको मनन नगरिकनै NGO मार्फत कार्य गराई भुक्तानी दिएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

ख) सार्वजनिक निकायले कुनै पनि कार्यक्रम संचाल गर्दा लागत अनुमान सहित कार्यक्रम स्वीकृत गराई कार्यक्रम संचालन गरी कार्यक्रमको आवस्यक प्रमाण कागजात सहित कार्यसम्पन्न प्रतिवेदन पेश गरी कार्यसम्पन्न गर्नुपर्नेमा सो नगरेको हुदा प्रमाण कागजात पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	४,१९,१५०

११११**अनुदान:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा सार्वजनिक निकायले कुनै पनि निकाय वा लाभग्राही समूह लाई दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको लक्ष्य अनुसार गरे वा नगरेको प्रचलित कानून बमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरुको अध्ययन अनुगमन गरी सोहि अनुसार प्रतिवेदन तयार गरी अनुदानलाई यथार्थ र उद्वेश्यमूलक गराउनु पर्ने व्यवस्था छ । पालिकाले गो भौ नं ३३७।०८०।३।२३ बाट खानेपानी तथा सरसफाई उ स वडा नं २ लाई अनुदान बापत रु ५००००० उपलव्ध गराएको छ ।उक्त रकमबाट के के कार्य भयो साथै उक्त रकम के के कार्य गर्न उपलव्ध गराएको हो सो को प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	५,००,०००

११२**सोलार खरिद:**

नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनिहरुको १० प्रतिशत नगद योगदानको आधारमा नविकरणीय उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लधु जलविधुत जैविक उर्जा बायोग्यास पलान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले बैकल्पिक उर्जाका स्रोत आवस्यकता भएका लाभग्राहि पहिचान गरी कार्यविधि अनुसार उनिहरुको अपनत्व हुने गरी बैकल्पिक उर्जाका साधनहरु वितरण गर्नुपर्नेमा पालिकाले सोलार सेट खरिद गरी जडान गरेको भनी समृद्ध नेपाल इनर्जि प्रा लि लाई गो भौ नं १९।०८०।३।२४ बाट रु ३६७२९५ भुक्तानी भएको छ । नियम विपरित को कार्यमा खर्च गरी संघीय ससर्तको बजेट खर्च भएको हुदा उक्त भुक्तानी दिएको रकम संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

प्रमाण पेश नगरेको	३,६७,२९५

११३**खाता रोक्का:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५०(४) अनुसार सार्वजनिक निकायले बर्षान्तमा बजेट फ्रिज हुने नदिने उद्वेश्यले कसैलाई पेश्की दिन र त्यस्तो रकम अन्य कोषमा जम्मा गर्नु नहुने व्यवस्था रहेको छ । पालिकाले जनता मा वि लाई केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान शिर्षकबाट गत आ व को बर्षान्तमा समेत गो भौ नं १३।०७९।३।२३ बाट रु ७५००००० विद्यालयको खातामा निकासा गरी बैंक खाता रोक्का राखेको र र उक्त रकमको लेखापरीक्षणको अवधि सम्म समेत कुनै रनिङ्ग विल भुक्तानी नभएको अवस्थामा यस आ व मा समेत बर्षान्तमा गो भौ नं १६।०८०।३।२३ बाट रु ८७४४०६२।८१ विद्यालयको खातामा निकासा गरी बैंक रोक्का राख्ने पत्र पठाएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५० विपरित हुने गरी समयमै कार्य सुरु नगर्ने तर संघीय ससर्त बजेटलाई फ्रिज नगर्ने उद्वेश्यले बर्षान्तमा निकासा गरी विद्यालयको खातामा विगत बर्ष देखि नै रकम रोक्का भएको हुदा समयमै निर्माण कार्य सम्पन्न गरी सो को कागजात पेश गर्नुपर्ने।

प्रमाण पेश नगरेको	८७,४४,०६२.८१

११४**कार्य क्षेत्र बाहिर खर्च:**

अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन २०७४ को दफा ९(२) मा स्थानिय तहरले संघ ले तोकेको कार्य विधि तथा निर्देशनको परिधिमा रहि ससर्त अनुदान बापतको रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । संघीय सरकारबाट उख्नु पकेट कार्यक्रम संचालन भएको क्षेत्रमा स्यालो ट्यूवेल जडान शिर्षकमा विनियोजन भएको रकम बाट पालिकाले निर्णय गरी सार्वजनिक स्थानमा ट्यूवेल जडान गर्ने निर्णय गरी कार्यदेश दिएको छ । पछि निजि क्षेत्रमा समेत स्यालो ट्यूवेल जडान गरेको भनी विवाद भएकोमा अनुगमन प्रतिवेदनमा समेत निजि क्षेत्रमा जडान भएतापनि सवै ले पानी प्रयोग गर्ने गरी सम्झौता भएको भनी प्रतिवेदन रिपोर्टमा उल्लेख भएको छ । संघीय कार्य क्षेत्र र कार्यविधि विपरित हुने पकेट कार्यक्रम लागु भएको क्षेत्र भन्दा बाहिरी क्षेत्रमा १२ थान ट्यूवेल जडान गरेको भनी गो भौ नं १५।०८०।३।२३ बाट रु ६४७३५६.७१ भुक्तानी भएको रकम नियम सम्मत देखिएन रु.

अनियमित भएको	६,४७,३५६

११५**बढी भुक्तानीः**

उक्त स्यालो ट्यूवेल जडान कार्यक्रमको लागि कुल रु ७ लाख ७० हजारको कार्यसम्पन्न भएकोमा रु ७ लाख ७७ हजार ७४८ को भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रकम रामगणेश मण्डललाई बढी भुक्तानी भएको रु७७४८ असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	७,७४८

११६**बिल भरपाईः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई विल भरपाई तथा अन्य प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण कार्य गर्दा उपभोक्ता समितिले पेश गरेको विल भन्दा बढी परिमाणको आइटमको भुक्तानी भएको हुदा उक्त बढी भुक्तानी भएको परिमाणको रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

गो भौ नं र मिति	निर्माण कार्य	भुक्तानी भएको आइटम	विल पेश	बढी भुक्तानी
१५।०७९।६।१२	हरिहरपुर आ वि विद्यालय निर्माण	डण्डी ४०४७ केजी @ १२४	३६००	५५४२८
		ईट्टा ४६०० पिस @ १५।३२	४०००	९१९२
२२।०७९।७।४	वडा नं ३ खानेपानी ह्याण्ड पाइप जडान	पाइप खरिद बापत ५७४७	५३५४	३९३
४९।०७९।९।२५	मानव धर्म आश्रम निर्माण उ स	डण्डी बापत ४१२७ के जि @ १२५	३९८०	१८३७५
		फर्मा	भरपाई	१७३६३९
	जम्मा			२५७०२७

असुल गर्नुपर्ने	२,५७,०२७

११७ सामाजिक सुरक्षाः

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

११७.१ यस बर्ष सामाजिक सुरक्षा शिर्षकमा बैंकलाई उपलब्ध गराएको फरवार्ड फिड रु १३ करोड ६५ लाख २५ हजार रहेकोमा रु १३ करोड ६१ लाख ५५ हजार वितरण गरी रु ३ लाख ६९ हजार फिर्ता गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखियो ।

सैद्धान्तिक बेरुजु

११७.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । छनौटगत रुपमा वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा बैङ्क मार्फत वितरण गरेको भत्ताको अद्यावधिक प्रगति प्रतिवेदन लिने गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू भई लाभग्राही सूचिवाट लगत कट्टा हुनुपर्ने व्यक्तिको नाममा समेत बैंकमा निकासा जाने गरेको देखियो । साथै एकै लाभग्राहीको नाममा दोहोरो सामाजिक सुरक्षा भत्ता जम्मा हुनगएको देखियो। जसका केही उदाहरणहरु निम्नानुसार छन् ।

व्यक्तिको नाम	**नागरिकता** नं.	**बाबुको** नाम	**वर्ग**	**खाता** नं.	**खातामा** जम्मा भएव रकम
Rayan Chaudhary	100033	Ram Kishor Chaudhary	Child Nutrition Grant(Area)	3265751733069000	1596
RAYAN CHAUDHARY	100033	RAM KISOR CHAUDHARY	Child Nutrition Grant(Area)	3265752648932000	1596
Md samsad raja ansari	100881	Guljar Mahamad Ansari	Child Nutrition Grant(Area)	3265751551525000	1596
md samsad raja ansari	100781	Guljar Ahamad Ansari	Child Nutrition Grant(Area)	3265751552074000	1596

यसरी दोहोरो जम्मा हुन गएको रकम साथै अन्य के कति व्यक्तिको दोहोरो भत्ता जम्मा हुन गएकोछ पालिकाले समयमै छानविन गरि लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ।लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११७.३

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११७.सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धीत वडा कार्यालय तथा बैंकबाट लगत कट्टा हुने गरि लगत कट्टा गरेको मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछीको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वितरण गरि बाँकी तथा लगत कट्टाको विवरण सम्वन्धीत बैंकबाट लिई छानविन गरेको तथा बैंकले वितरण गरि बाँकी रहेको रकम समयमा फिर्ता गरेको पाइएन । बैंकले पालिकाबाट प्राप्त निकासा वितरण गरि बाँकी रहेको रकम र लगत कट्टा भई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरेपनि कुन कुन लाभग्राहीको लगत कट्टी बाट के कति रकम फिर्ता भएको हो स्पष्ट देखिने गरि विवरण दिएको देखिएन।पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी स्पष्ट रुपमा नामनमेसी खुल्ने गरि भत्ता रकम संघीय संचित कोषमा फिर्ता/दाखिला गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

अनुगमन लेखापरीक्षण

११८सम्परीक्षणः

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहि सम्परीक्षणका लागि म्यानुअल अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ ।सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

आर्थिक वर्ष	बेरुजु दफा	बेरुजु संक्षिप्त व्यहोरा	बेरुजु रकम	फछ्यौट गरिएको आधार र व्यहोरा	संपरीक्षण भएको रकम
२०७८/०७९	३७, ३७.१, ३७.२	प्रविधि हस्तान्तरणमा २० प्रतिशत वापतको रकम रु ४८६८९।०० र प्रशिक्षण भत्ता वापतको रकम रु १५५८४।००	६४२७३	असुल गरी दाखिला गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	६४२७३
२०७५/०७६	१२१,१२१.१,१२१.२	लखन्देही नदी नियन्त्रण उपभोक्ता समितिको लागत अनुमान तयार गर्दा ल इ मा रोयल्टी भनि देखाएको र भुक्तानी दिँदा रोयल्टी तिरेको प्रमाण पत्र पेश नगरेको रु १५५६७३०.०० र रु७४९८५.१४	१६३१७१५.४१	असुल गरी दाखिला गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	१६३१७१५.४१
२०७६/०७७	६४	जनशक्ति व्यवस्थापन विषयमा राजश्व प्रकृया तथा मालपोत रसिद काट्ने प्रविष्टि तालिममा कानुनमै व्यवस्था नभएको बैठक भत्ता वापत बुझेको जम्मा रकम रु ४९०००	४९०००	कृष्णदेवलाल कर्ण, सरिता कुमारी मिर्दाहा, कौशर आलम मंसुर ,रहमत मंसुर, राजन कुमार पाँचे मगर, रिंकु कुमार चौधरी, लक्ष्मी नारायण राय, रिना देवी चौधरी निलम चौधरी, गरी प्रत्येको रु १००० का दरले रु ९००० असुल गरी दाखिला गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	९०००
२०७६/०७७	७३	सुत्रको तालिम भत्ता सम्बन्धमा कार्यालय समय अघि वा पछि भएको बैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने आधार नभएको रु ५५२५०	५५२५०	विभिन्न दुइ व्यक्तिले असुल गरी दाखिला गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	५५२५०
२०७६/०७७	६९	नगरपालिकाको पाँचौ नगर	३४०००	असुल गरी दाखिला	३४०००

		सभाको भत्ता सम्बन्धमा स्थानीय तहका सदस्यहरुले अलग्गै भत्ता नलिने अवस्था भएको रु ३४०००		गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	
२०७६/०७७	६४	मालपोत रसिद काट्ने प्रविष्टि तालिममा भत्ता दिने कानुनमै व्यवस्था नभएको रु ४२००	४२००	असुल गरी दाखिला गरेको प्रमाण सहित संपरीक्षणका लागि अनुरोध गरेको।	४२००
		जम्मा			१७९८४२४.७५

११९अनुगमनः

गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद,
ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

१२०बेरुजुको अध्यावद्यिक अवस्थाः

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस **हरिपुर नगरपालिका, सर्लाही** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : हरिपुर नगरपालिका, सर्लाही , हरिपुर नगरपालिका , सर्लाही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	दिवाकर भुजेल	२०७९-४-११	हाल सम्म कार्यरत
लेखा प्रमुख	भुपेन्द्र कुमार सिंह	२०७९-२-२२	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,७३५,२६६	७,२७७,२६२.१३	२६,५६८,७९६.८१	०	०	२००,०००
				जम्मा बेरुजु रकम	३६,७८१,३२४.९४
				लेखापरीक्षणको क्रममा असुली रु	०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१९८४४००६३.६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४५७०५५००	चालु खर्च	३४५३७९३७७.६
प्रदेश सरकारबाट अनुदान	१३२१६२५०	पूँजीगत खर्च	१५००९३७५१.७६
राजश्व बाँडफाँट	९२७४१३८७.०३	वित्तीय/अन्य व्यवस्था	१९७२५९०४६.३९
आन्तरिक आय	७६७३१२२.८८		
अन्य आय	१९६१०८५५९.९६		
कुल आय	६५५४४४८१९.८७	कुल खर्च	६९२७३२१७५.७५
बाँकी मौज्दात		१६११५२७०७.७२	

अनुसूची - २

https://nams.oag.gov.np

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	शिक्षा तर्फ	शिक्षा तर्फ
२	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
३	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
४	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
५	अधुरा ठेक्का तथा निर्माण कार्य ।	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
६	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
७	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
८	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
९	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
११	सामाजिक सुरक्षा	सामाजिक सुरक्षा
१२	ठेक्का व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन
१३	सिलवन्दी दरभाउपत्रवाट खरिदसिलवन्दी दरभाउपत्रवाट खरिद	खरिद व्यवस्थापन खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
१४	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
१५	सोझै खरिद	खरिद व्यवस्थापन